जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १०२ • २०८१ साल भाद्र १३ गते बिहीबार (29 August, Thursday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## नेकपा एसमा मधेशी साफ

# पदाधिकारी चुनावमा मधेशी कोटामा साह बाहेक सबै पराजित

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एकीकृत समाजवादी (नेकपा एस)को पदाधिकारीका लागि भएको चुनावमा मधेशी उपाध्यक्षमा धर्मनाथ साह बाहेक सबै मधेशी नेता पराजित भएका छन् ।

उपाध्यक्षका लागि छुट्टयाइएको मधेशी कोटामा साह र रामचन्द्र झा प्रतिस्पर्धा गरेका थिए । नेकपा एसका अध्यक्ष माधवकुमार नेपालको प्यानलबाट रहेका पूर्वमन्त्री समेत रहेका नेता झा २० मतले पराजित भएका छन् । नेता साहले १ सय ६४ मत प्राप्त गरेका थिए । झाले १ सय ४४ मत प्राप्त गरे ।

नेकपा एसमा १८ केन्द्रीय पदाधिकारीका लागि मंगलवार साँझ मतदान भएको थियो ।

अध्यक्षमा माधवकुमार नेपाल, वरिष्ठ नेतामा झलनाथ खनाल र महासचिवमा घनश्याम भुषाल यस अघि नै सर्वसम्मत भइसकेका थिए । वरिष्ठ उपाध्यक्षमा राजेन्द्र प्रसाद पाण्डे पनि मंगलबार निर्विरोध भएका थिए ।

उपाध्यक्ष खुला, उपमहासचिव र सचिवमा मधेशी नेताहरुले उम्मेदवारी दिएका थिए ।तर उनीहरुले सम्मानजनक मत समेत पाउन सकेनन् ।

उपाध्यक्षमा निर्वाचित साह बाहेक अधिकांश मधेशी नेताहरुले अध्यक्ष नेपालको गुटबाट उम्मेदवारी दिएका थिए । तर सबै पराजित भएका छन् ।

सार्वजनिक मतपरिणाम अनुसार पार्टीको उपाध्यक्ष पद (महिला)मा जयन्ती राई, उपाध्यक्ष (मधेसी समुदाय)मा धर्मनाथ साह निर्वाचित भएका छन् । महिला उपाध्यक्षमा चर्चित युवा नेत्री रामकुमार झाँक्री पराजित भएका छन् ।

खुला उपाध्यक्षहरुमा जगन्नाथ खतिवडा, डा. गङ्गालाल तुलाधर, भानुभक्त जोशी र प्रकाश ज्वाला निर्वाचित भएका छन् ।

यसैगरी उपमहासचिवमा राजेन्द्रकुमार राई, मेटमणि चौधरी, रामकुमार भट्टराई र गरिमा शाह निर्वाचित भएको पार्टीको निर्वाचन आयोगले जनाएको छ । उपमहासचिवमा उम्मेदवारी दिएका रामचन्द्र यादवले ७६ मत, सत्रुधन महतोले ४२ मत र श्रीप्रसाद साहले २८ मत प्राप्त गरे । ४ उपमहासचिव पदका लागि १९ जनाले उम्मेदवारी दिएकोमा मधेशबाट यादव, महतो र साहगरि ३ जनाले उम्मेदवारी दिएका थिए ।

एसको सचिव पदमा (समावेशी)मा बलदेव चौधरी र सचिव (दलित) मा गणेश विक, सचिव (खुला) मा शेरबहादुर कुँवर, चन्द्रबहादुर शाही, सोमप्रसाद पाण्डे, सावित्री भुसाल र श्रीनाथ बराल निर्वाचित भएका छन् ।

सचिवमा उम्मेदवारी दिएका वंशीधर मिश्रले ६५ र रत्नेश्वर गोइत यादवले १३ मत प्राप्तगरि पराजित भएका छन् ।खुला सचिवमा २ जना मधेशी मिश्र र यादवले उम्मेदवारी दिएका थिए ।

गत असारमा सम्पन्न महाधिवेशनमा पदाधिकारीको चयन हुन सकेको थिएन् ।अध्यक्ष, वरिष्ठ नेता, वरिष्ठ उपाध्यक्ष र महासचिवमा सर्वसम्मत भएपनि अन्य पदाधिकारीका लागि चुनाव गराइएको थियो ।

नेकपा एसको संगठन मधेश प्रदेशमा तुलनात्मक रुपमा राम्रो मानिन्छ । एसको मधेश प्रदेशमा ७ जना सभासद रहेका छन् । चुनाव परिणामपछि मधेशी नेताहरुमा व्यापक असन्तुष्टि देखिएको छ । पदाधिकारीमा उपाध्यक्ष साह बाहेक मधेशबाट अन्य नेताहरु जान पाएका छैनन् । हुन त नेकपा एसलाई कट्टर मधेश विरोधी मानिन्छ । अध्यक्ष नेपाल पनि मधेशको मुद्दामा अत्यन्त कट्टर छन् ।

उपमहासचिवमा राजेन्द्रकुमार राई, मेटमणि चौधरी, रामकुमार भ राई र गरिमा शाह निर्वाचित भएको पार्टीको निर्वाचन आयोगले जनाएको छ । उपमहासचिवमा उम्मेदवारी दिएका रामचन्द्र यादवले ७६ मत, सत्रुधन महतोले ४२ मत र श्रीप्रसाद साहले २८ मत प्राप्त गरे । ४ उपमहासचिव पदका लागि १९ जनाले उम्मेदवारी दिएकोमा मधेशबाट यादव, महतो र साहगरि ३ जनाले उम्मेदवारी दिएका थिए ।










# भीमसेन जात्रा सम्पन्न



**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जमा नेवार समुदायको भीमसेन जात्रा मंगलबार राति शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक दीपक भारतीले जात्रा शान्तिपूर्ण रुपमा सम्पन्न भएको जानकारी दिए।

भीमसेन जात्रामा विगत झैं सम्भावित झडपलाई दृष्टिगत गरी सादा पोशाकमा समेत गरी करीब २ सय ५० को संख्यामा नेपाल प्रहरी र करीब ५० को संख्यामा सशस्त्र प्रहरी समेत खटिएको थियो।

प्रवक्ता भारतीले भने, 'महानगरको चोक चोकमा सुरक्षकर्मी परिचालित थिए,' उनले अघि थप्दैं भने, 'सूचना संकलनलाई पनि प्राथमिकता दिएका थियौं, त्यस कारण पनि जात्रा अवधि भर कुनै अप्रिय घटना भएन।'

दशक अघिसम्म पनि भीमसेन जात्राको नाम सुन्ने बित्तिक्कै दुई समूहबीच सम्भावित झडपको हुनसक्ने अनुमान गरिए पनि यसपटक भने शान्तिपूर्ण रुपमा सम्पन्न भएको बताए।

वर्षेनि जात्राको दिन विर्तामाई मन्दिरबाट डोलासहित जात्रा निस्कन्छ। जात्रा मुख्य सडकबाट गहवामाई मन्दिर भएर नगर परिक्रमा पछि पुनः विर्तामाई मन्दिरमा पुगेर सम्पन्न भएको थियो।

जात्रामा यहाका नेवार समुदाय बाहेकका गैर नेवार समूदायको पनि उपस्थिति रहेको थियो। देशका अन्य सहरका र त्यसमा पनि तराइको सहरका नेवार समुदायले यो जात्रा कमै मान्ने चलन रहे पनि वीरगञ्जका नेवार समुदायले भने पुर्ख्यौली जात्रा परम्परा विधि पूर्वक मनाएर जोगाएको नेवा पुचः वीरगन्जका कोषाध्यक्ष सुन्दर श्रेष्ठले बताए।

# हत्या अभियोगमा पक्राउ

काठमाण्डु। जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले काठमाडौं महानगरपालिका-१० शंखमुलमा ४१ वर्षीय रुपक बान्तवा राइको हत्या गरी फरार रहेको अभियोगमा एक जनालाई पक्राउ गरी आज सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा बारा सिम्रौनगढ नगरपालका-७ घर भई हाल काठमाडौं-१० साईबाबा पार्क बस्ने २२ वर्षीय एमके कुमार रहेका जिल्ला प्रहरी परिसरका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले बताउनुभयो।उहाँले भन्नुभयो, "यही भदौ १० गते काठमाडौं-१० शंखमुल साईबाबा पार्कस्थित लक्ष्मी बान्तवाको दुई तले घरको भुइँ तल्लाको सटरभित्र निजको छोरा ४१ वर्षीय रुपकले सञ्चालन गरेको पुल हाउसमा उनलाई कुटपिट गरी घाइते बनाइ फरार भएको र निजको राति नै मृत्यु भएकाले हत्या गरेको अभियोगमा प्रहरीले एमके कुमारलाई पक्राउ गरेको हो।"

पक्राउ परेका निज एमकेको कोठाबाट घटनामा प्रयोग गरिएको रड एक थान, मृतक रुपकको चेक, चस्मा, झोला, लुगा लगायतका सामान फेला पारी बरामद गरेर नियन्त्रणमा लिई प्रहरी वृत्त बानेश्वरबाट थप अनुसन्धान भइरहेको प्रवक्ता अधिकारीले बताउनुभयो।रासस

# सीमानाकाबाट करोडौंको निकासी

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्जस्थित सिर्सिया सुक्खा बन्दरगाह नाकाबाट गत आर्थिक वर्षमा १४ करोडभन्दा बढीको विभिन्न नेपाली ब्रान्डका अचार तेस्रो मुलुकतर्फ निकासी भएको छ।



बन्दरगाहस्थित भन्सार कार्यालयको तथ्यांकअनुसार, गत आर्थिक वर्षमा १४ करोड २६ लाख ४ हजार ४ सय २० रुपैयाँ मूल्य बराबरको १ लाख ६९ हजार किलो नेपाली अचार निर्यात भएको छ। अघिल्लो आर्थिक वर्षमा यो नाकाबाट १० करोड ३ लाख रुपैयाँ बराबरको १ लाख ४६ हजार किलो अचार निकासी भएको थियो।

सो कार्यालयका प्रवक्ता सुशीलप्रसाद शर्माले यस नाका हुँदै वर्षेनि नेपाली अचारको निकासी बढ्दो क्रममा रहेको बताए। 'तेस्रो मुलुकमा बर्सेनि विभिन्न नेपाली ब्रान्डको माग र त्यसैअनुरुप निकासीसमेत बढ्दो क्रममा छ,' उनले भने, 'पछिल्लो केही वर्षयता नेपाली महिलाहरुमा बढेको उद्यमशिलता र उनीहरुले उत्पादन गरेका विभिन्न ब्रान्डका अचारले तेस्रो मुलुकमा बस्ने नेपाली उपभोक्ताहरुबीच लोकप्रियता कमाएको छ, त्यसैको परिणामस्वरुप नेपाली अचारको बर्सेनि निकासी बढेको हुनसक्छ।'

नेपालबाट अचार निकासी हुने मुलुकमा अस्ट्रेलिया पहिलो नम्बरमा रहेको शर्माले जनाए। नेपाली उत्पादनको निकासीलाई प्रोत्साहन गर्न न्युनतम भन्सार शुल्क लाग्ने गरेको शर्माले बताए।

# पर्वमा परिवार खोजिरहेका आँखाहरुसँग तीज

काठमाण्डु। काठमाडौंको मीनभवनमा रहेको निःसहाय सेवा सदनमा तीजको गीत बज्न थालेपछि त्यहाँ रहेका ज्येष्ठ नागरिकहरु कोही फुरफुर गर्न र कोही टोल्हाउन थाल्नुभयो।

सधैं जस्तै बिहानको खाना खाने समय उहाँहरुका लागि अन्य दिनभन्दा फरक रहेको थियो जहाँ हालै मात्र हरितालिका तीज पर्वलाई ध्यानमा राखेर सार्वजनिक गरिएको 'यसपालिको तीज रमाइलो'गीत बजिरहेको थियो।

गीतकार निर्मलराज पौडेलले यसपटकको तीजलाई भिन्न ढङ्गले मनाउने सन्दर्भमा बुधबार उक्त सेवा सदनका ज्येष्ठ नागरिकहरुसँग तीज मनाउन पुग्नुभएको थियो। त्यस अवसरमा श्री पौडेलले ज्येष्ठ नागरिकलाई आफू र गायिका शान्तिश्री परियारको स्वरबद्ध तीज गीत सुनाउँदै दरमा सामेल हुनुभएको थियो। 'चेलीबेटी ज्यान माया माइतमै हाँसेर, तीज आयो ज्यान माया छमछमी नाचेर' बोलको गीत सुनेर ज्येष्ठ नागरिकहरुको मुहारमा खुसी छचल्किएको थियो।

त्यस अवसरमा काठमाडौं महानगर-३१ का वडाध्यक्ष सरोज ढकालले पनि ज्येष्ठ नागरिकहरुका लागि वडाले सक्दो सहयोग गरिरहेको बताउनुभयो। उहाँले भन्नुभयो, "निःसहाय सेवा सदनले ज्येष्ठ नागरिकहरुलाई आफ्ना परिवारको अभाव हुन दिइरहेको छैन, यो ज्यादै खुसीको कुरा हो र यहाँको व्यवस्थापन निकै लोभलाग्दो छ।"

सेवा सदनका सह-प्रशासकीय अधिकृत योगेश अधिकारीका अनुसार सदनमा ६५ देखि १०० वर्षसम्मका ३९ जना ज्येष्ठ नागरिकहरु रहनुभएको छ। अधिकारीले भन्नुभयो, "यो अवस्थामा उहाँहरुलाई सबैभन्दा खड्किने कुरा भनेकै परिवार रहेछ। हामीले सक्दो गरिरहेका हुन्छौं तर पनि नौलो मान्छे र केटाकेटी देख्नेबित्तिकै टोल्हाउने, झ्यामिने गर्नुहुन्छ। आँखाबाट बरर आँसु झार्नुहुन्छ।"रासस

# ऐन विपरीत कर्मचारी सरुवा गरिएको भन्दै मुख्यमन्त्री कार्यालयमा उजुरी




कर्णाली । कर्णाली प्रदेशमा कार्यरत कर्मचारीको सरुवा प्रदेश निजामती सेवा ऐन, २०८० विपरीत भएको भन्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उजुरी परेको छ।

नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन निजामती कर्णाली प्रदेश समितिले प्रदेश सरकारका निमित्त प्रमुख सचिव आनन्द सारुसमक्ष कानुन विपरीत भएका सरुवा बदर गर्न माग गर्दै उजुरी दिएको हो। मुख्यमन्त्री कार्यालयले गत साउन ३२ गते प्रदेश सरकारका विभिन्न निकायमा कार्यरत प्रशासन सेवा, सामान्य प्रशासन समूहतर्फका एक सय ११ कर्मचारीको एकैसाथ सरुवा गरेको थियो।

नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन निजामती कर्णाली प्रदेश समितिका उपाध्यक्ष जमानसिंह परियारले प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २४ को उपदफा (३)को प्रतिबन्धात्मक व्यवस्थामा बाहेक कुनै कर्मचारीले एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा हुनका लागि दुई वर्षको समयावधि पूरा गरेको हुनुपर्ने र त्यसभन्दा अगाडि सरुवा गर्न नपाइने व्यवस्थालाई मिचेर सरुवा गराइएको बताउनुभयो।

उहाँले भन्नुभयो, "प्रदेश निजामती ऐनमा कम्तीमा दुई वर्ष एक कार्यालयमा बस्ने व्यवस्था गरिएको छ, तर दुई महिनादेखि दुई वर्ष नपुगेका धेरै कर्मचारीलाई राजनीतिक आस्थाका आधारमा सरुवा गरिएकाले ऐन नियम विपरीत गरिएका कर्मचारीहरुको सरुवा बदको माग राख्दै हामीले मुख्यमन्त्री कार्यालयमा उजुरी दर्ता गरेका छौं।"

उक्त उजुरी बुझ्दै प्रदेश सरकारका निमित्त सचिव सारुले नेपाल राष्ट्रिय कर्मचारी सङ्गठनले उजुरीमार्फत उठाएका गुनासा जायज भएको बताउनुभएको छ। उहाँले भन्नुभयो, "ती सबै गुनासा मबाट सम्बोधन हुन सम्भव छैन, मुख्यमन्त्री तथा प्रमुख सचिवज्यू काठमाडौंबाट फर्किसकेपछि सामूहिक रुपमा बसेर छलफल गरी समाधान निकालौंला, यसमा म सकारात्मक छु।"रासस

# राजस्व चुहावट नियन्त्रण गरी करमैत्री सेवा विस्तार गरिने



काठमाण्डु। केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिले राजस्व चुहावट नियन्त्रण र करमैत्री सेवा विस्तार गरी चालु आर्थिक वर्षमा राजस्व सङ्कलनको लक्ष्य पूरा गर्ने निर्णय गरेको छ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलको अध्यक्षता, गृहमन्त्री रमेश लेखकसहित राजस्व सङ्कलनमा महत्वपूर्ण भूमिका रहेका विभिन्न निकायका प्रमुखहरुको बुधबार सिंहदरबारस्थित अर्थ मन्त्रालयमा बसेको बैठकले राजस्व सङ्कलनको लक्ष्यलाई पूरा गर्न राजस्व प्रशासनमा खटिएका कर्मचारी र सुरक्षाकर्मीको कार्य सम्पादन मूल्याङ्कनको महत्वपूर्ण आधार बनाउने निर्णय गरेको हो।

बैठकले राजस्व चुहावट नियन्त्रण गर्न केन्द्रीय द्रुत गस्ती टोली गठन गरी पूर्वदेखि पश्चिमसम्म परिचालन गर्ने निर्णय गरेको छ। राजस्व चुहावट नियन्त्रणसम्बन्धी व्यवस्थित कार्ययोजनालाई कार्यान्वयन गर्ने, कानुनसम्मत कारोबार गरेका करदातालाई कुनै किसिमको असहज नहुनेतर्फ सजग रहने, गैरकानुनी आर्थिक गतिविधि गर्ने कसैलाई छुट नदिने निर्णय गरिएको अर्थमन्त्री पौडेलले जानकारी दिनुभयो।

राजस्व चुहावटलाई नियन्त्रण गर्न अर्थ र गृह मन्त्रालयअन्तर्गतका विभिन्न निकायबीच प्रभावकारी रुपमा समन्वय गरी अघि बढ्ने निर्णय पनि बैठकले गरेको छ। बैठकमा अर्थमन्त्री पौडेलले राजस्व चुहावट गर्ने कसैले छुट नपाउने उल्लेख गर्दै एउटै व्यक्ति एउटै जिम्मेवारी र स्थानमा लामो समय रहँदा हुनसक्ने अनपेक्षित सम्बन्धलाई 'ब्रेक' गर्नेगरी राजस्व प्रशासनसँग जोडिएका कर्मचारी र प्रहरीको 'पोष्टिङ' गर्न निर्देशन दिनुभयो।

> गृहमन्त्री रमेश लेखकले राजस्व चुहावट नियन्त्रण गरी राजस्वको लक्ष्य पूरा गर्न गृह मन्त्रालयले आवश्यक सबै सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले कर तिर्नका लागि प्रोत्साहन गर्न आग्रह गर्नुभयो ।

अर्थमन्त्री पौडेलले सीमा नाकाहरुमा स्क्यानरसहितका आधुनिक प्रविधिको प्रयोगमार्फत निगरानीलाई प्रभावकारी बनाउन, आयातीत वस्तुको वर्गीकरण तथा मूल्याङ्कनलाई यथार्थपरक बनाउन, बजारमा बिलबीजक लिने-दिने कार्यलाई प्रोत्साहन गर्नाका साथै नक्कली बीजक वा फार्म खडा गरी हुनसक्ने राजस्व चुहावटप्रति गम्भीरतापूर्वक अनुसन्धान गर्न निर्देशन दिनुभयो। निष्ठा र दृढताका साथ आफ्नो जिम्मेवारीमा अघि बढ्नुपर्ने भन्दै उहाँले राजस्व प्रशासन र सुरक्षाकर्मीका पाइलाहरु गुणात्मक रुपमा उचाइमा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

गृहमन्त्री रमेश लेखकले राजस्व चुहावट नियन्त्रण गरी राजस्वको लक्ष्य पूरा गर्न गृह मन्त्रालयले आवश्यक सबै सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले कर तिर्नका लागि प्रोत्साहन गर्न आग्रह गर्नुभयो।

बैठकमा अर्थ सचिव, राजस्व सचिव, आन्तरिक राजस्व विभागका महानिर्देशक, भन्सार विभागका महानिर्देशक, राजस्व अनुसन्धान विभागका महानिर्देशक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक, राष्ट्रिय अनुसन्धान विभाग, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायत अधिकारीहरुले राजस्व चुहावट नियन्त्रणका लागि सूचनाको आदानप्रदानलाई प्रभावकारी बनाई एकअर्कामा समन्वय गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।रासस

# निजामती कर्मचारीको जापानमा उच्चशिक्षा अध्ययनसम्बन्धी सम्झौतामा हस्ताक्षर

काठमाण्डु । जापानले नेपालको निजामती सेवाका कर्मचारीलाईत्यहाँकाविश्वविद्यालयमा उच्चशिक्षा अध्ययन गर्न करिब जापानी येन ४५ करोड ४० लाख (अनुमानित नेरु रु ४२ करोड २३ लाख) छात्रवृत्ति सहयोग गर्ने भएको छ।

अर्थ मन्त्रालयमा बुधबार सोसम्बन्धी सम्झौतापत्रमा अर्थसचिव डा रामप्रसाद घिमिरे र नेपालका लीगि जापानी राजदूत किकुता युताकाले सहयोगसम्बन्धी नोट आदानप्रदान गर्नुभयो । सो अवसरमा अर्थमन्त्रालयका सहसचिव एवं अन्तर्राष्ट्रिय आर्थिक समन्वय महाशाखाका प्रमुख धनीराम शर्मा र जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) नेपालका प्रमुख प्रतिनिधि मात्सुजाकी मिजुकीले अनुदान सहायतासम्बन्धी सम्झौतामा हस्ताक्षर गर्नुभयो।

सम्झौतासँगै नेपालका युवा निजामती सेवाका कर्मचारीलाई जापानको विश्वविद्यालयमा दुईवर्षे स्नातकोत्तर र तीनवर्षे विद्यावारिधि अध्ययन गर्नका निम्ति छात्रवृत्ति सहयोग प्राप्त हुनेछ। 'मेरिट'का आधारमा निजामती सेवाका कर्मचारीमध्येबाटइच्छुककर्मचारी अध्ययनका लागि जापान जानेछन् । यस वर्ष २० जना स्नातकोत्तर र दुईजना विद्यावारिधि गरी २२ कर्मचारीलाई छात्रवृत्ति प्रदान गरिने सो अवसरमा जानकारी दिइयो।

जापान सरकारको सहयोगमा त्यहाँका मानव संसाधन विकास छात्रवृत्ति कार्यक्रम (जेडिएस) अनुसार सन् २०१६ देखि नेपालले यो अवसर पाइरहेको छ । हालसम्म एक सय ८७ निजामती सेवाका अधिकारीले छात्रवृत्ति प्राप्त गरिसक्नुभएको छ।




सो अवसरमा अर्थ सचिव घिमिरेले छात्रवृत्ति कार्यक्रमले नेपालको निजामती सेवाका कर्मचारीको क्षमता अभिवृद्धि हुने र यसबाट सिङ्गो मुलुक लाभान्वित हुने विश्वास व्यक्त गर्नुभयो। नेपालका लागि जापानी राजदूत किकुताले नेपालका निजामती सेवाका कर्मचारीलाई दक्ष बनाउन छात्रवृत्ति कार्यक्रमले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो। सो अवसरमा अर्थ मन्त्रालय र जाइका नेपालका उच्च अधिकारी सहभागी हुनुहुन्थ्यो।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथून | : शिक्षामा उन्नति। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : धन वृद्धि सञ्चय। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : सुख समृद्धि हुने। |
| वृश्चिक | : भ्रमण अवसर हुने। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : वाद विवादबाट बच्नु। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : नयाँ कार्य हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



श्री कृष्ण जन्माष्टमीको समापन संगै नगर परिक्रमा गरि मुर्ति भसाउनका लागि लगिदै । *तस्विर : संजय कुमार यादव*

# माइभ्याली सामुदायिक वनका तत्कालीन अध्यक्ष र कोषाध्यक्षविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार अभियोगमा माइभ्याली सामुदायिक वन उपभोक्ता समूह इलामका तत्कालीन अध्यक्ष डोलबहादुर कार्की र कोषाध्यक्ष रीता सम्बहाम्फेविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।



वन उपभोक्ता समितिका तत्कालीन अध्यक्षले २०७० सालदेखि ठेकेदार र अध्यक्षसमेत रही काबेली करिडोर विस्तारका क्रममा कटान आदेशभन्दा बाहिर आफूखुसी रुख कटान गरी घाटगद्दी लिलाम प्रक्रिया अगाडि बढाएको, लेखापरीक्षण नगरेको तथा बैंकिङ कारोबार नगरी आफुखुसी कारोबार गरेको पाइएपछि आयोगले अनुसन्धानको प्रक्रिया अगाडि बढाएको थियो ।

अध्यक्ष कार्कीले उपभोक्ता समूहको निर्णय पुस्तिका तथा चेक बुकलगायतका कागजात आफैँले लिई समूहको रु ३० लाख ७८ हजार छ सय बराबरको कार्ययोजना प्रक्रिया नपुर्‍याइ स्वीकृत गरेको आरोप छ। कटान आदेशभन्दा बढी रु आठ लाख ५५ हजार पाँच सय चारको वन विनास गरी अवैध घाटगद्दी गरेको पाइएको आयोगको ठहर छ।

आयोगले रु ३० लाख ७८ हजार छ सय बराबरको बिगो दाबी गर्दै आज विशेष अदालतमा मुद्दा दायर गरेको हो। आयोगका प्रवक्ता नरहरि घिमिरेले बिगोबमोजिम कैद, सजायको माग गर्दै अध्यक्ष र कोषाध्यक्ष दुवै जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको जानकारी दिनुभयो ।रासस

# जनतालाई शुद्ध खानेपानी वितरण गर्नु हाम्रो प्रमुख दायित्व हो: मन्त्री यादव

काठमाण्डु । खानेपानीमन्त्री प्रदीप यादवले नेपाली जनतालाई शुद्ध एवं सफा खानेपानी वितरण गर्नु मन्त्रालय र सम्बद्ध पक्षको प्रमुख दायित्व भएको बताउनुभएको छ।



खानेपानी मन्त्रालयले बुधबार मन्त्रालयमा आयोजना गरेको मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक तथा आर्थिक वर्ष २०८०/०८१को वार्षिक प्रगति समीक्षा कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मन्त्री यादवले जनतालाई शुद्ध खानेपानी वितरण गर्ने पहिलो प्राथमिकतासहित आफूले काम गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “पानी जीवनका लागि नभइ नहुने चिज हो, पर्याप्त बजेट नभएका कारण त्यही पानी पनि जनतालाई खुवाउन सकिएको छैन। त्यसैले हाम्रो पहिलो उद्देश्य जनतालाई शुद्ध खानेपानी वितरण गर्नु हो भनेर सबैले मिलेर काम गर्नुपर्छ।”

मन्त्री यादवले जनताका जायज मागलाई मन्त्रालयले आवश्यकताका आधारमा पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । यसैगरी उहाँले चुरे दोहोन तथा जलवायु परिवर्तनका कारण खानेपानीका स्रोत सुक्दै जाँदा अनेकन समस्या आउनथालेको बताउनुभयो । उहाँले भन्नुभयो, “मधेसमा चुरेको दोहनका कारण चापाकलमा पानी आउँदैन । पानीका स्रोत सुकेर देखिएका समस्या समाधानका लागि देशभरि नै जलस्रोतको अध्ययन गरेर आवश्यक काम गर्न आवश्यक छ।”

खानेपानी मन्त्रालयको बजेट बर्सेनी घट्दै जानथालेको प्रति मन्त्री यादवले दुःखसमेत व्यक्त गर्नुभयो । “अर्थ मन्त्रालयले हामीले पठाएका फाइल नै खोल्दैन, गर्न नसकिने कामका फाइल यो कारणले नसकिने भनेर लेखेर फिर्ता पठाइ दिए पनि हुन्थ्यो नी ! यो विषयमा अब प्रधानमन्त्रीसँग कुरा राख्छु।”

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा जयबहादुर टण्डन, मन्त्रालयका सचिव प्रमिलादेवी शाक्य बज्राचार्यलगायत कर्मचारीको सहभागिता रहेको थियो ।रासस

# नन्दबाबा खानेपानी आयोजनाबाट छ सय परिवार लाभान्वित

सिरहा । सिरहाको कर्जन्हा नगरपालिका-१ स्थित बाल्टियामा रु एक करोड ६४ लाख ६८ हजार लागतमा नन्दबाबा खानेपानी आयोजना निर्माण भएको छ । आयोजना सम्पन्न भएसँगै वडा नं १ का छ सय १९ परिवारमा शुद्ध खानेपानीको पहुँच विस्तार भएको हो ।




कर्जन्हा नगरपालिकासँगको सहकार्यमा सबल नेपालद्वारा सञ्चालित ‘सामाजिक परिवर्तनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सुशासन सबलीकरण परियोजना’ अन्तर्गत सम्पन्न भएको खानेपानी आयोजना एक कार्यक्रमको आयोजना गरी खानेपानी उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको छ।

विसं २०७६ फागुन २० गतेदेखि उक्त खानेपानी आयोजना प्रारम्भ भएको थियो । सबल नेपालको रु ७० लाख पाँच हजार नौ सय ५५, नगरपालिकाको रु ९० लाख ७४ हजार तीन सय ७३ तथा लक्षित समुदायले रु तीन लाख ८८ हजार चार सय ८५ खर्च व्यहोरेका सबल नेपालका पालिका संयोजक रोजी श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार खानेपानी वितरण गर्न कूल एक लाख ५० हजार लिटर पानी भण्डारण क्षमता रहेको ‘ ओभरहेड’ ट्याङ्की रहेको छ।

उक्त ट्याङ्कीमा स्वचालित रुपमा पानी शुद्धीकरणका उपकरणसमेत जडान गरिएको छ । दुई सय ४० फिटको डिप बोरिङ गाडिएको छभने १० एचपी क्षमताको सम्बरसिवल पम्प जडान गरिएको सबल नेपालका कोषाध्यक्ष आयुश श्रेष्ठले जानकारी दिनुभयो। खानेपानीका इनार र कुवाहरु सुक्दै जान थालेपछि उक्त आयोजनाको पहल गरिएको वडा नं १ का वडाध्यक्ष फणिन्द्र पोखरेलले बताउनुभयो। “जलवायु परिवर्तनसँगै चुरे क्षेत्रका गाउँहरुमा पानीको सतह सुक्न थाल्यो। ट्यूवेल र इनारहरु सुक्न थाले । गाउँमा खानेपानीको हाहाकार हुन थालेपछि यो आयोजनाको पहल गरिएको हो”, उहाँले भन्नुभयो, “यसमा सबल नेपाल र नगरपालिकाले पनि चासोका साथ सहयोग गरेकाले समयमै निर्माण सम्पन्न भएको छ ।” घरमा नियमित खानेपानी आउन थालेपछि स्थानीय पनि खुसी भएका छन् । “हाते कल सुकेको वर्षौं भइसकेको थियो । इनार तथा कुवाका पानी पनि सुक्न थालेपछि पानीको हाहाकार हुन थालेको थियो। पछिल्लो समय हामीसँग बसाइँ सर्नुको विकल्प थिएन । आज यसरी घरघरका धारामा पानी आउन थालेपछि हर्षित भएका छौँ”, स्थानीय ६० वर्षीय शारदा कार्कीले भन्नुभयो।

खानेपानीको दिगोपनाका लागि प्रत्येक परिवारबाट न्यूनतम १० युनिट प्रयोग गरेबापत रु ८० महसुल सङ्कलन गर्ने गरिएको भन्दै थप प्रतियुनिट र छ महसुल निर्धारण गरिएको नन्दबाबा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष विनोद श्रेष्ठले जानकारी दिनुभयो । सबल नेपालले निर्माण गरेको संरचनाले गर्दा वडावासीले स्वच्छ पानी पिउन पाएको कर्जन्हा नगरपालिकाका उपप्रमुख लक्ष्मीकुमारी श्रेष्ठले बताउनुभयो । उहाँले यस खानेपानी आयोजनाको प्रभावकारिताका लागि नगरले थप योजना बनाउने भन्दै नगरका अन्य वडा तथा समुदायमा पानीको समस्या समाधान गर्न सहकार्य गर्दै जाने उल्लेख गर्नुभयो।


आफ्नो नगरक्षेत्रभित्रको चुरेको फेदमा पर्ने बल्टियाको बस्तीमा स्थानीयको घरघरमा खानेपानीको व्यवस्था भएको नगरप्रमुख भोला पोखरेलले बताउनुभयो। “

यसमा नगरले पनि सहकार्य गरिरहेको छ । आगामी दिनमा नगरका अन्य सुक्खा ठाउँमा क्रमशः खानेपानीको व्यवस्था गर्दै जाने प्रतिबद्धता गर्दछौँ”, उहाँले भन्नुभयो ।रासस

# अर्थतन्त्रलाई चलायमान बनाउन सबै ढोका खुला गरौँ: प्रमुख सचेतक घिमिरे

काठमाण्डु । नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक श्यामकुमार घिमिरेले अर्थतन्त्रलाई चलायमान बनाउन आर्थिक विकासका लागि सम्भावनाका सबै ढोका खुला गरिनुपर्नेमा जोड दिनुभएको छ।

संसदीय विटसँग सम्बन्धित पत्रकारसँगको भेटमा बुधबार उहाँले मुलुकको आर्थिक विकास र समृद्धिका लागि सरकार र निजी क्षेत्रबीचको सहकार्यमा लक्ष्य निर्धारण गरी अघि बढेको खण्डमा मात्र असल नतिजा हाँसिल गर्न सकिने बताउनुभयो ।



प्रमुख सचेतक घिमिरेले भन्नुभयो, “विकास र समृद्धिका लागि सरकार उदार हुनुपर्छ। सरकार, निजी क्षेत्र र जनतासहित सबै मिलेर पूर्वाधार निर्माणलगायतका गरेमा मात्रै चाहेको प्रतिफल हासिल गर्न सकिन्छ।”उहाँले मुलुकलाई तीव्र आर्थिक समृद्धिमा लैजान निजी क्षेत्रमा उत्साह जगाउन आवश्यक रहेको बताउनुभयो । “राज्य करले चल्छ भने निजी क्षेत्र नाफाले चल्छ। यो कांग्रेसको अवधारण हो, कसैले होइन भन्छ भने त्यसले कांग्रेसले बुझेकै छैन”, उहाँले भन्नुभयो ।

देशलाई विकास र समृद्धिमा लैजान आर्थिक उदारवादका माध्यमबाट विश्व समुदायसँग जोडिनुको विकल्प नभएको बताउनुहुँदै प्रमुख सचेतक घिमिरेले जनसहभागिताविना सरकारले चाहेर मात्र आर्थिक उपलब्धि हाँसिल हुन नसक्ने तर्क प्रस्तुत गर्नुभयो ।कांग्रेस वर्तमान सत्ता गठबन्धनको ठूलो दल भएपनि संसद्मा पार्टीको भूमिका प्रभावकारी हुन नसकेको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, “किन भने हामी प्रधानमन्त्रीको दल र प्रतिपक्ष पनि होइनौँ । त्यो हिसाबले हाम्रो भूमिका धेरै ठूलो नहुन सक्छ तर पनि हरेक निर्णय र प्रक्रियामा कांग्रेसको भूमिका महत्वपूर्ण र प्रभावकारी हुन्छ नै। त्यो भूमिका निर्वाह गर्नुपर्छ।”

अहिले पनि कांग्रेसले केही विषय र सैद्धान्तिक पक्षमा स्पष्ट हुनुपर्ने आवश्यक औल्याउनुहुँदै प्रमुख सचेतक घिमिरेले रुग्ण उद्योग सरकारले चलाउनुपर्छ भनी आएका विषयमा राज्यले व्यापार गर्न हुन्न भन्नेमा कांग्रेस दृढतापूर्वक उभिनुपर्छ भन्नुभयो। “राज्य व्यावसायिक संस्था होइन, नियमनकारी निकाय हो । नियमनकारी र व्यावसायिक संस्था एउटै हुन सक्दैन, यसमा पार्टी स्पष्ट हुनुपर्छ । रुग्ण उद्योग सञ्चालन गर्ने नाममा फेरी सरकारले लगानी गर्नुपर्छ भन्ने कुरा उठिरहेको छ। राज्य कोषलाई त्यसरी प्रयोग गर्ने छुट छैन भन्ने कुरा पनि सँगसँगै उठिरहेको छ । यसमा कांग्रेस चनाखो हुनुपर्ने छ”, उहाँले भन्नुभयो।

मुलुकमा देखिएका अनियमिता र भ्रष्ट्राचारका विरुद्धमा तथा सुशासनको मामिलामा कांग्रेस दृढताका साथ उभिदै आएको र अहिले पनि सरकारबाट कतै पनि कम्जोरी हुन नदिन सक्दो सहयोग पुर्‍याउँदै आएको उहाँको स्पष्टोक्ति थियो ।रासस

# आगामी निर्वाचनमा एक्लै लड्छौँ: नेता शर्मा

तुलसीपुर । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का स्थायी कमिटी सदस्य रेखा शर्माले पार्टीलाई आगामी चुनावमा एक्लै लड्ने अवस्थामा पुर्‍याउन नेता तथा कार्यकर्तालाई निर्देशन दिनुभएको छ।



मङ्गलबार माओवादी केन्द्र तुलसीपुरले आयोजना गरेको भेटघाट कार्यक्रममा पूर्वसञ्चार तथा सूचना प्रविधिमन्त्री रहनुभएका शर्माले एक्लै चुनाव लड्नका लागि माओवादी घटकबीच एकता आवश्यक रहेको बताउनुभयो।

“आगामी निर्वाचनसम्म सरकारको नेतृत्व नगर्ने र माओवादी घटकबीच एकताबद्ध गरेर एक्लै चुनाव लड्ने वातावरण निर्माण गर्नेगरी पार्टीले छलफल अघि बढाएको छ”, उहाँले भन्नुभयो। पार्टीभित्र अन्तरविरोध रहने विषयलाई ठूलो रुप बनाउन नहुने उल्लेख गर्दै उहाँले पार्टीभित्रको छलफललाई स्वाभाविक रुपमा लिनुपर्नेमा जोड दिनुभयो । त्यस अवसरमा पार्टीका निर्वाचन आयोग संयोजक कुवेर वलीले पार्टीभित्र गुटबन्दी हुन नहुने बताउनुभयो । पार्टी केन्द्रीय सदस्य तथा लुम्बिनी प्रदेशका पूर्वअर्थमन्त्री धनबहादुर मास्कीले माओवादी केन्द्रको जनमत घट्दै गएकोप्रति समीक्षा हुनुपर्ने बताउनुभयो ।रासस

# बस दुर्घटना: बेपत्ता एकजना अझै फेला परेनन्

दमौली । पृथ्वी राजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-२ ऐंलापहरास्थित मर्स्याङ्दी नदीमा गत शुक्रबार भएको बस दुर्घटनामा बेपत्ता एकजना पाँच दिनसम्म फेला पर्न सकेका छैनन्।

पोखराबाट काठमाडौँतर्फ गइरहेको भारतीयनम्बरप्लेटयुपी५३एफटी७६२३ नम्बरको बस मर्स्याङ्दीमा खस्दा बेपत्ता भएका २२ वर्षीय गोकर्णी सन्दीप सरोदे मङ्गलबारसम्म फेला नपरेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक दीपक रायले जानकारी दिनुभयो।

दुर्घटनामा २७ जनाको मृत्यु भएको थियो भने १६ जना घाइते भएका थिए। बेपत्ता भएको सरोदेको खोजी भइरहे पनि फेला पर्न नसकेको प्रहरीले जनाएको छ। सोमबार नदीमा खसेको बस निकाल्ने क्रममा बसले च्यापिएको अवस्थामा छ कि भन्ने आशङ्का रहे पनि उनी फेला नपरेको प्रहरीको भनाइ छ। बेपत्ता भएका सरोदेका बुबाआमाको सोही दुर्घटनामा परी मृत्यु भएको छ। प्रनाउ रायले भन्नुभयो, “घाइतेहरूले दिएको विवरणका आधारमा उनी फेला परेका छैनन्। सम्भावित ठाउँमा खोजी भइरहेको छ।” प्रहरीले गत सोमबार आठ घण्टाको प्रयासमा नदीबाट बस निकालेर सडक नजिकको भागसम्म ल्याएको थियो ।रासस

**शैक्षिक शत्र २०८१/०८२ मा डिप्लोमा इन इन्जिनियरिङ्ग तथा प्रि-डिप्लोमा इन इन्जिनियरिङ्ग तहको पूर्ण शूल्कीय तर्फ पुन:प्रवेश परीक्षाको लागि आवेदन फाराम भर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट संचालन गरिने डिप्लोमा इन इन्जिनियरिङ्ग तथा प्रि-डिप्लोमा इन इन्जिनियरिङ्ग तहका तपशिल बमोजिमका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८१/०८२ मा परिषद्बाट संचालन सम्बन्धन/स्वीकृती पाएका नीजि स्तरमा संचालित शिक्षालयहरुले परिषद् परीक्षा नियन्त्रण कार्यालयद्वारा जारी गरिएको “डिप्लोमा तथा प्रि-डिप्लोमा भर्ना सम्बन्धि निर्देशिका २०८१” बमोजिम पूर्ण शूल्कीय तर्फ डिप्लोमा इन इन्जिनियरिङ्ग तथा प्रि-डिप्लोमा इन इन्जिनियरिङ्ग कार्यक्रमहरुमा विद्यार्थी छनौट गर्न योग्यता पुगेका विद्यार्थीहरु बाट तल उल्लेखित अनुसार रित्तपूर्वक आवेदन फाराम भर्न भराउनु हुन सम्बन्धित सवैको जनाकारीका लागि यो सूचना प्रकिशित गरिएको छ।

(१) पूनः प्रवेश परीक्षा शूल्क : रु. १,५००।- (डिप्लोमा), रु.५००।- प्रि-डिप्लोमा)
(२) फाराम भर्ने तथा बुझाउने मिति : २०८१ भाद्र १३ गते विहीवार देखि २०८१ भाद्र ३१ गते सोमवार सम्म।
(३) परीक्षा मिति तथा समय (डिप्लोमा तह)/प्रि-डिप्लोमा तह) : पछि प्रकाशित हुनेछ।
(४) फारम पाइने र बुझाउने स्थान :

**मध्यमाञ्चल रिजनल ईन्जिनियरिङ्ग कलेज**
दशरथनगर, रामानन्द चौक, जनकपुर- ८, धनुषा
सम्पर्क नं. ९८२४८०८०८१, ९८५४०२६५५५, ०४१५२१९९१

मधेश प्रदेश सरकार
**श्रम तथा यातायात मन्त्रालयल**
**जनकपुरधाम, धनुषा (नेपाल)**

**घर भाडा लिने सम्बन्धि सूचना**

सूचना प्रकाशित मितिः २०८१/०५/१३

श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषाको कार्यालय प्रयोजनका लागि तपशिलमा उल्लेखित मापदण्ड बमोजिम घर भाडा लिनुपर्ने भएकोले इच्छुक घरधनिले तोकिएको शर्तको अधिनमा रहि पहिलो पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (कार्यालय समयभित्र) मासिक घर भाडाको दररेट खुलाइ शिलबन्दी दरभाउ प्रस्ताव यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

**तपशिल**:
१) जनकपुर उप म.न.पा. क्षेत्र भित्र बनेको पक्की घर हुनुपर्ने छ।
२) घरमा कम्तिमा पनि १९ वटा कोठा (कम्तिमा १३० बर्ग फिट), यस बाहेक थप १ वटा सभा हल र १ वटा बैठक कक्ष भएको हुनुपर्ने छ।
३) घरजग्गा मोटर बाटो संगै जोडिएको र सवारी साधनहरु पार्किङ्ग गरि गाडी राख्न सक्ने हुनुपर्ने छ।
४) घरमा बिजुलि बत्ती जडान, खानेपानी र शौचालय को राम्रो ब्यवस्था भएको हुनुपर्ने छ।
५) घर बहालमा दिने ब्यक्तिले जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, चा.लु. आ.व.को तिरो तिरेको रसिदको प्रतिलिपि, घर निमार्ण सम्पन इजाजत पत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ।
६) अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सरकारको गफ मात्र

मधेश प्रदेश सरकारले तीन महिनामा गफ मात्र दिएको छ। ठूला नारा दिने सरकारले तीन महिनामा प्रदेशमा परिवर्तनको अनुभूति दिन सकेको छैन । विगतको सरकारमाथि लगाउने आरोपबाट सरकार मुक्त हुन सकेको छैन। ठूलो हल्लीखल्ली मच्चाएको सरकारले गुरुदेव कामतको पारिश्रमिक अझैं दिएको छैन । उनको मृत्यु भएको डेढ महिना हुन लागेको छ। जीवन मृत्युको दोसाँधमा रहेको बेला कामतले उपचारका लागि केही पारिश्रमिक पाउने आशमा कार्यक्रम गरेका थिए। अर्थाभावमा समुचित उपचार पाउन नसकेका कामतको दुःखद मृत्यु भइसकेको यतिको दिनसम्म सरकारले न त उनको पारिश्रमिक दिन सकेको छ, न त परिवारलाई राहत उपलब्ध गराएको छ। सरकारले किसानलाई राहतको कुनै काम सुरु गरेको छैन । गठबन्धनमा रहेका दुई ठूला दल नेकपा एमाले र नेपाली कांग्रेसको दबाबमा रहेका मुख्यमन्त्री सतीशकुमार सिंहका हालसम्मका सबै काम विवादास्पद बनेको छ । प्रत्यक्ष निर्वाचित सांसदलाई ५ करोड र समानुपातिक सांसदलाई डेढ करोडको योजना दिने मुख्यमन्त्री सिंहको पहिलो निर्णय नै अलपत्र परेको छ । सांसदलाई योजना उपलब्ध नगराए आगामी दिनमा प्रदेश सभामा सरकारलाई अत्यन्त कठिनाइको सामना गर्नुपर्ने निश्चित छ । प्रदेशसभामा सरकारले सांसदहरुसित योजना दिने सहमति पनि गरेको छ। कर्मचारीहरुको सरुवामा लेनदेनको परिमाण बढेको छ । निमित्तको भरमा काम गर्ने क्रम बढेको छ । काम गर्न नपाउँदै कार्यालय प्रमुखहरुलाई हटाउन थालिएको छ । यसले प्रशासनिक अस्थिरता बढाएको छ। सरकार कर्मचारीको सरुवालाई प्राथमिकतामा राखेको छ। चोखो रुपमा मन्त्रीले कमाउने धन नै सरुवाबाट आउछ। सरकार बाहिर रहेको बेला जनमत पार्टीले उठाएका विषयलाई अहिले बिर्सिसकेको छ। मधेश प्रदेश सभालाई सरकारले चलाउन चासो देखाएको छैन। मुख्यमन्त्री भाषण बाहेक केही दिनसकेका छैनन् । विगतको सरकारले प्रहरी समायोजन, निजामती कर्मचारी ऐन लगायतका विषयमा संघीय सरकारलाई जोड दिए पनि वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली त्यसको विपक्षमा रहेकाले मुख्यमन्त्री सिंह बोल्न पाएकै छैनन् । मधेश प्रदेश सरकारले मधेशका दुई महत्वपूर्ण विश्वविद्यालय मधेश कृषि विश्वविद्यालय र मधेश विश्वविद्यालयलाई धराशायी बनाएको छ। विश्वविद्यालयको शैक्षिक क्यालेण्डरलाई नै निष्कृय बनाइदिएकोछ। बजेट नदिएर सरकार हदैसम्मको पूर्वाग्रही भएको सिद्ध गरेको छ। मधेश कृषि विश्वविद्यालयको नतिजा रोकिएको छ। नयाँ विद्यार्थी भर्नामा समेत रोक लगाइएको छ। यो सरकारले समग्रमा मधेशलाई पछि धकेल्ने कामलाई प्राथमिकतामा राखेको देखिन्छ।

# अँध्यारोबाट 'उज्यालो' समृद्धिको यात्रामा ऊर्जा क्षेत्र

**रमेश लम्साल**

कुनैबेला हप्ता नबिराइ 'लोडसेडिङ'को तालिका परिवर्तन हुन्थ्यो । उस्तै परे सातामा नै दुई पटक तालिका बदलिन्थे। कहिले बिजुली आउला भन्दै बस्नुपर्ने बाध्यता आममानिसमा थियो। अँध्यारोसँगै जनजीवन चलाउनुपर्दा मुलुकको अर्थतन्त्र पनि त्यस्तै सुस्त थियो । औद्योगिक वातावरण थिएन। मानिसमा आशा थिएन, केवल निराशा थियो।

लोडसेडिङको तालिका मात्रै सार्वजनिक गर्ने र आममानिसलाई एकाध घण्टा मात्रै बिजुली उपलब्ध गराउने नेपाल विद्युत् प्राधिकरण यतिबेला भने गौरव गर्न लायक संस्थाको रुपमा स्थापित भएको छ । सरकारको लगानी रहेका सार्वजनिक संस्थानमध्ये सबल र सक्षम संस्थाका रुपमा स्थापित भएको छ। यस्तै, सरकारले ऊर्जा क्षेत्रलाई आर्थिक समृद्धिको प्रमुख आधारस्तम्भका रुपमा मान्यता दिएर सोहीअनुसारको योजना अगाडि सारेको छ। खासमा उज्यालो नेपालको अवधारणा वास्तविक रुपमा साकार हुँदै गएको छ।

सरकारले भारतसँग दीर्घकालीन विद्युत् व्यापार सम्झौता गरेको छ। जसअनुसार आगामी १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्यका साथ काम भइरहेको छ । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमणका क्रममा सो सम्झौता गर्ने सहमति भएको थियो। बङ्गलादेशमा पनि निकट भविष्यमा ४० मेगावाट बिजुली निर्यातका लागि आवश्यक पहल भइरहेको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र बङ्गलादेशको प्रशासनिक नेतृत्वबीच सम्झौताका लागि पहल भइरहेको मन्त्रालयले जानकारी दिएको छ । देशभित्रै ठूला क्षमताका प्रसारण लाइन निर्माणका क्रममा छन् । कतिपय सम्पन्न पनि भइसकेका छन् । ढल्केबर-इनरुवा चार सय केभी प्रसारण लाइन निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको छ । हेटौंडा-ढल्केबर चार सय केभी प्रसारण लाइनको निर्माण जारी छ।

सरकारले चालु आर्थिक वर्षको अन्त्यसम्म नौ सय मेगावाट विद्युत् थप गर्ने लक्ष्य राखेको छ । हालसम्म केन्द्रीय प्रसारण प्रणालीमा तीन हजार तीन सय मेगावाट बराबर विद्युत् उपलब्ध भइसकेको छ। प्रसारण लाइनको अभावमा निर्माण सम्पन्न भइसकेका रसुवागढी र मध्य भोटेकोसीजस्ता आयोजनाको बिजुली जोड्न सकिएको छैन । ती प्रसारण लाइन पनि निकट भविस्यमा सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको छ । हाल सरकारी स्वामित्वका र निजी क्षेत्रका ऊर्जा प्रवर्द्धकको गरी झण्डै तीन हजार मेगावाट क्षमताका आयोजना निर्माणका विभिन्न चरणमा छन्। यस्तै, तीन हजार पाँच सय मेगावाट क्षमता बराबरका विभिन्न आयोजना निर्माणमा जान ठिक्क अवस्थामा छन्।

प्राधिकरणले निजी क्षेत्रका आयोजनासँग १० हजार मेगावाटभन्दा बढीको विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) गरिसकेको छ। झण्डै १९ हजार मेगावाट क्षमता बराबरका आयोजना अध्ययनका विभिन्न चरणमा छन् । झण्डै १० हजार मेगावाट क्षमताका आयोजना पिपिएको पर्खाइमा भएकाले विद्युत् बिक्रीका लागि थप बजार सुनिश्चितता गर्नु जरुरी भइसकेको छ। आन्तरिक खपत बढाउँदै बढी भएको विद्युत् छिमेकी देशको बजारमा बिक्रीका लागि राजनीतिक तथा कूटनीतिक तहमा पहल भइरहेको छ।

### उज्यालो नेपालको संवाहक बन्दै प्राधिकरण

यही भदौ १ गते प्राधिकरणले आफ्नो स्थापनाको ३९औं वार्षिकोत्सव मनायो । कुनै बेला प्राधिकरण भन्नेबित्तिकै आममानिसको दिमागमा नकारात्मक र त्यसमा अँध्यारोको तस्विर आउँथ्यो । अब ती दिन सकिएका छन् । उज्यालो नेपालको संवाहकका रुपमा प्राधिकरण परिचित मात्रै भएको छैन स्थापित पनि भएको छ। झण्डै १८ घण्टासम्मको लोडसेडिङ व्यहोर्नु परेको अवस्थाबाट क्रमशः अगाडि बढेको प्राधिकरणले हाल देशभित्र खपतगरी बढी भएको विद्युत् दैनिक एक हजार मेगावाटभन्दा बढी निर्यात गर्ने अवस्थामा आइपुगेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिनुभयो।

विसं २०७३ को तिहारको लक्ष्मीपूजाको दिनदेखि काठमाडौं उपत्यकाबाट प्रारम्भ भएको लोडसेडिङ अन्त्यको अभियान २०७५ वैशाखसम्म आइपुग्दा देशभर नै विस्तारित भयो। वर्षायाममा भारततर्फ विद्युत् निर्यातगरी उल्लेख्य विदेशी मुद्रा आर्जन गरी व्यापार घाटा कम गर्न सफल भएको छ। हिउँदमा अझै केही वर्ष सीमितमात्रामा विद्युत् आयात गर्नु परे पनि आयातको परिमाण क्रमशः घट्दै गएको छ। गत आर्थिक वर्षदेखि देशभित्र खपतगरी बढी भएको विद्युत् भारतीय बजारमा बिक्रीगरी खुद आयातकर्ताबाट खुद निर्यातकर्ता बन्न सफल भएको छ।

कार्यकारी निर्देशक घिसिङका अनुसार आठ वर्षअघि करिब ५८ प्रतिशत घरधुरीमा मात्र पुगेको विद्युत् सेवा हाल करिब ९९ प्रतिशतमा छ । सरकारले सञ्चालन गरेको 'उज्यालो नेपाल' अभियानको यो नै सबैभन्दा ठूलो सफलता हो । चालु आवको अन्त्यसम्म मुलुकलाई पूर्ण रुपमा विद्युतीकरण भएको घोषणा गर्ने तयारीमा पुगेको छ। विद्युत् पुऱ्याउनका लागि विकट बस्तीको खोजीगरी सुकुम्बासी, चेपाङ, मुसहरलगायत विपन्न वर्गलाई निःशुल्क मिटरसहितको विद्युत् सेवा उपलब्ध गराइएको छ । धार्मिक तथा पर्यटकीयस्थल गोसाइँकुण्डमा समेत विद्युतीय लाइन पुऱ्याएर बत्ती बालिसकेको छ।

### आन्तरिक खपत १० अर्ब दुई करोड युनिट

आर्थिक वर्ष २०७२/७३ मा तीन अर्ब ७२ करोड युनिट ऊर्जा खपत भएकामा गत आव २०८०/८१ मा १० अर्ब दुई करोड युनिट पुगेको छ। आठ वर्षमा देशभित्रको विद्युत् खपत छ अर्ब ५१ करोड युनिटले बढेको छ। गत आवमा सबैभन्दा बढी गार्हस्थतर्फ चार अर्ब ३१ करोड र औद्योगिक ग्राहकतर्फ तीन अर्ब ६९ करोड युनिट विद्युत् खपत भएको छ। बाँकी विद्युत् अन्य समूहका ग्राहकले खपत गरेका हुन्। आठ वर्षअघि एक सय ३१ युनिट रहेको प्रतिव्यक्ति ऊर्जा खपत गत आवसम्म आइपुग्दा ४०० युनिट बराबर पुगेको छ । यो विवरणले पनि मुलुकको ऊर्जा क्षेत्रमा गुणात्मक परिवर्तन हुँदै गएको स्पष्ट हुन जान्छ।

उपभोक्तालाई भरपर्दो गुणस्तरीय, सुरक्षित विद्युत् आपूर्तिका देशका प्रमुख सहरलाई ११ वटा क्षेत्रमा विभाजन गरी सन् २०५० सम्मको मागलाई आपूर्ति गर्न सक्ने प्रसारण र वितरण संरचनाको गुरुयोजना तयार गरेर क्रमिक रुपमा कार्यान्वयन गरिरहेको छ। आन्तरिक रुपमा विद्युत्को खपत बढाउने, उत्पादन वृद्धिगरी आयात घटाउने र निर्यात वृद्धि गर्ने गरी काम भइरहेको छ। आर्थिक वर्ष २०८०/८१ मा रु १६ अर्ब ९३ करोडको विद्युत् भारततर्फ निर्यात भएको छ। नेपाल विद्युत् प्राधिकरणले गत आवको साउनदेखि असारसम्म एक अर्ब ९४ करोड २६ लाख युनिट विद्युत् भारततर्फ निर्यातगरी रु १६ अर्ब ९३ करोड २६ लाख आम्दानी गरेको छ।

> सरकारले चालु आर्थिक वर्षको अन्त्यसम्म नौ सय मेगावाट विद्युत् थप गर्ने लक्ष्य राखेको छ । हालसम्म केन्द्रीय प्रसारण प्रणालीमा तीन हजार तीन सय मेगावाट बराबर विद्युत् उपलब्ध भइसकेको छ ।

नेपाल विद्युत् प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स)को 'डे अहेड' तथा 'रियल टाइम मार्केट'मा प्रतिस्पर्धी दरमा र मध्यकालीन विद्युत् सम्झौताबमोजिम भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लि-एनभिभिएनलाई बिक्री गरिरहेको छ । एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ । निर्यात गरिएको विद्युत्को औसत दर प्रतियुनिट आठ रुपैयाँ ७२ पैसा छ। प्राधिकरणले गत आवमा रु १६ अर्ब ८१ करोड तीन लाखको विद्युत् आयात गरेको थियो। सुक्खायाममा खोला तथा नदीमा पानीको बहाव घटी देशभित्रका नदी प्रवाही जलविद्युत् गृहबाट विद्युत् उत्पादन घट्ने हुँदा माग धान्न गत आवमा भारतबाट एक अर्ब ८३ करोड ३५ लाख युनिट विद्युत् आयात गरिएको थियो ।

### ५३९ स्थानीय तह पूर्ण विद्युतीकरण

नेपालका सात सय ५३ स्थानीय तहमध्ये पाँच सय ३९ स्थानीय तह सारभूत रुपमा पूर्ण विद्युतीकरण भएका छन्। एक सय ९६ स्थानीय तहमा आंशिक रुपमा विद्युतीकरण भएको छ। राष्ट्रिय प्रसारण ग्रीड नपुगे पनि १८ स्थानीय तहका बासिन्दाले लघु जलविद्युत् र सौर्य ऊर्जाबाट विद्युत् उपभोग गरिरहेका छन्।

विद्युतीकरण तथ्याङ्क, २०८१ अनुसार कुल जनसङ्ख्याको ९९ प्रतिशतमा विद्युत् पुगेको छ। विद्युत्का ग्राहक सामुदायिक सहित ५९ लाख ३५ हजार पुगेको छ। देशका सात सय ५३ स्थानीय तहमध्ये पाँच सय ९० स्थानीय तहमा ९५ देखि शतप्रतिशतसम्म विद्युतीकरण भएको छ। यस्तै, ७२ स्थानीय तहमा ७५ देखि ९५ प्रतिशतसम्म विद्युतीकरण भएको छ भने ३३ स्थानीय तहमा ५० देखि ७५ प्रतिशतसम्म, २६ स्थानीय तहमा २५ देखि ५० प्रतिशतसम्म र ३२ स्थानीय तहमा २५ प्रतिशतसम्म विद्युतीकरण गरिएको छ।

आर्थिक वर्ष २०७२/७३ मा विद्युतीकरणको अवस्था ५८ प्रतिशत मात्र थियो। अहिले ९९ प्रतिशत पुग्नु यस अवधिमा हासिल भएको महत्वपूर्ण उपलब्धि भएको प्राधिकरणका कार्यकारी निर्देशक घिसिङको भनाइ छ। विद्युत् पुगेका ठाउँमा भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्तिका लागि प्रणाली सुधार तथा विस्तार गर्नुपर्ने छ भने नपुगेका ठाउँलाई विद्युत् पुऱ्याउने कार्यलाई उच्च प्राथमिकता राखी प्रक्रिया अगाडि बढाउनुपर्ने चुनौती छ।

भौगोलिक रुपमा कठिन र विकट कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली जिल्लाका सबैको घरधुरीमा एक वर्षभित्रमा विद्युत् पुऱ्याउने गरी काम भइरहेको छ, त्यसका लागि बजेट व्यवस्थापन गरी निर्माण व्यवसायी छनोट भई काम सुरु भइसकेको छ। प्राधिकरणले एसियाली पूर्वाधार लगानी बैंक र युरोपेली लगानी बैंकबाट २२ करोड अमेरिकी डलर सहुलियतपूर्ण ऋण लिएर लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लामा विद्युतीकरणका लागि निर्माण व्यवसायी छनोट गरी काम सुरु भइसकेको छ।

सात प्रदेशमध्ये मधेसमा शतप्रतिशत विद्युतीकरण भएको छ । कोशीमा ९९ दशमलव ३० प्रतिशत, बागमतीमा ९९ दशमलव ९७ प्रतिशत, गण्डकीमा ९९ दशमलव ४० प्रतिशत र लुम्बिनीमा ९८ दशमलव ४९ प्रतिशत विद्युतीकरण भएको छ । कर्णाली प्रदेशमा सबैभन्दा कम अर्थात ७४ दशमलव ३८ प्रतिशत मात्र विद्युत् उपलब्ध छ। सुदूरपश्चिम प्रदेशमा ८६ दशमलव ५८ प्रतिशत विद्युतीकरण गरिएको छ । कूल ७७ जिल्लामध्ये हुम्लामा अझै राष्ट्रिय प्रसारण ग्रीड पुग्न सकेको छैन । प्राधिकरणको वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवालका अनुसार आंशिक विद्युतीकरण भएका र विद्युतीकरण हुन बाँकी स्थानीय तहमा विद्युत् पुर्याउन हाल भइरहेका कामको प्रगति राम्रो छ।

### २८ हजार पाच सय मेगावाट उत्पादन गर्ने महत्वाकाङ्क्षी लक्ष्य

सरकारले सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट उत्पादन गर्ने महत्वाकांक्षी लक्ष्यसहितको 'ऊर्जा विकास मार्गचित्र र कार्ययोजना' तयार पारेर कार्यान्वयनमा लैजाने अन्तिम तयारी गरेको छ। सो कार्ययोजना अनुसार १३ हजार मेगावाट आन्तरिक खपतमा प्रयोग हुनेछ । यस्तै, १५ हजार मेगावाट भने विदेश निर्यात गर्ने लक्ष्य राखिएको छ । यस्तै, अमेरिकी सहयोग परियोजना एमसीसीमार्फत झण्डै दुई सय ९७ किलोमिटर लामो चार सय केभी क्षमताको प्रसारण लाइन निर्माण हुने चरणमा छ। नुवाकोटको रातमाटे, तनहुँको दमौली र रुपन्देहीको नयाँ बुटवलमा अत्याधुनिक सबस्टेशन निर्माण हुनेछ।

यस्तै, नेपाल र भारतबीच दोस्रो अन्तरदेशीय प्रसारण लाइन निर्माणको लागि आवश्यक प्रक्रिया सुरु भइसकेको छ। न्यू बुटवल-गोरखपुर चार सय केभी क्षमताको प्रसारण लाइनमध्ये भारततर्फ निर्माण सुरु भइसकेको छ। भारतीय ऊर्जा प्रवर्द्धक कम्पनी सतलज विद्युत् निगमले नौ सय मेगावाट क्षमताको अरुण तेस्रो आयोजना निर्माण गरिरहेको छ। सो आयोजनाको भौतिक प्रगति झण्डै ७५ प्रतिशत बराबर पुगेको छ। सोही आयोजनाको विद्युत् प्रवाहका लागि महत्वपूर्ण मानिएको चार सय केभी क्षमताको प्रसारण लाइनमध्ये ढल्केबर-सीतामढी खण्डको निर्माण अन्तिम चरणमा पुगेको छ । यस्तै, अन्य अन्तरदेशीय प्रसारण लाइन निर्माणको काम जारी छ।

### अघि बढाइदै जलाशययुक्त आयोजना

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले मधेस प्रदेश बाहेकका अन्य छ वटा प्रदेशमा जलाशयुक्त आयोजना निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाइसकेको छ । एक हजार दुई सय मेगावाट क्षमताको बूढीगण्डकी र एक हजार ६२ मेगावाट क्षमताको माथिल्लो अरुण निर्माणमा लैजाने अन्तिम तयारी भइरहेको छ।

यस्तै, छ सय ३५ मेगावाट क्षमताको दूधकोसी पनि निर्माणमा जाने तयारीमा छ । चार सय १७ मेगावाट क्षमताको नलगाड, दुई सय १० मेगावाट क्षमताको चैनपुर सेती जलविद्युत् आयोजनाले हालै विद्युत् विकास विभागबाट विद्युत् उत्पादन अनुमतिपत्र प्राप्त गरिसकेको छ । यसैगरी एक सय छ मेगावाट क्षमताको जगदुल्ला निर्माणमा जाने तयारीमा छ। निर्माण व्यवसायी छनोटको प्रक्रिया जारी छ । अन्य ठूला र जलाशयुक्त आयोजना निर्माणका लागि आवश्यक पहल भइरहेको ऊर्जा मन्त्रालयले जनाएको छ।

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीका अनुसार सरकारले ऊर्जा क्षेत्रमा थप लगानी भित्र्याउनका लागि निजी क्षेत्रसँग मिलेर थप काम गर्नु आवश्यक छ । निजी क्षेत्रलाई ऊर्जा व्यापारमा अनुमति दिनुपर्ने तथा लगानी विस्तारका लागि थप सहजीकरण गर्नुपर्ने उनीहरुको माग छ। यस्तै, सरकारले वैदेशिक रोजगारीमा रहेका नागरिकलाई ऊर्जा उत्पादनमा सहभागी गराउने लक्ष्यका लागि 'रेमिट हाइड्रो' अवधारणा अगाडि सारेर 'ऊर्जा बण्ड', 'रेमिट बण्ड' बिक्री गर्ने लक्ष्य राखेको छ। यसबाट अनुत्पादक क्षेत्रमा खर्च भइरहेको विप्रेषणलाई ऊर्जा उत्पादनमा प्रयोग गर्न सकिने सरकारको विश्वास छ।

### कानुन निर्माणमा पनि उस्तै गति

त्यस्तै, सरकारले ऊर्जा क्षेत्रको विकासका लागि कानुन निर्माणलाई पनि उत्तिकै प्राथमिकतामा राखेको छ। विद्युत् विधेयक र जलस्रोत विधेयक प्रतिनिधिसभाको पूर्वाधार विकास समितिमा छलफलको क्रममा छ। यस्तै, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षतासम्बन्धी विधेयक राष्ट्रियसभामा विचाराधिन अवस्थामा छ। ती तीन वटै विधेयक तत्कालीन ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले सङ्घीय संसदमा पेस गर्नुभएको थियो।

सरकारले ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर वन क्षेत्रको जग्गा प्रयोग, रुख कटान, प्रसारण लाइन निर्माणमा थप सहजीकरण गर्ने एवं जग्गा प्राप्तिमा रहेको समस्या समाधानका लागि पनि विशेष पहल थालेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र वन तथा वातावरण मन्त्रालयका उच्च राजनीतिक र प्रशासनिक नेतृत्वबीच समस्या समाधान गर्ने लक्ष्यका साथ यही भदौ ५ गते छलफल भएको छ। ऊर्जामन्त्री दीपक खड्काका अनुसार तीन महिनाभित्र वनसँग जोडिएका समस्या समाधानका लागि पहल गर्ने उद्देश्यका साथ छलफल भएको हो । ऊर्जा क्षेत्रसँग जोडिएका कुनै पनि परियोजनामा समस्या र जटिलता उत्पन्न हुने नदिने उद्देश्यका साथ छलफल भएको र नतिजा हासिल हुने उहाँको विश्वास छ।

सरकारले २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखेको छ तर वन र जग्गा प्राप्तिमा रहेको समस्याले समयमा काम नहुने, आयोजना पनि महँगो बन्ने स्थितिको अन्त्यका लागि संरचनागत सुधार गर्नैपर्ने आवश्यकता देखिएको उल्लेख गर्दै मन्त्री खड्काले त्यसका लागि सार्थक पहल सुरु भएको जानकारी दिनुभयो।

### निजी क्षेत्रको बलियो साथ

सरकारको सार्थक प्रयास निजी क्षेत्रको बलियो साथका कारण पछिल्ला दिनमा ऊर्जा क्षेत्रमा सार्थक प्रगति भएको छ। प्राधिकरणको हाल प्रणालीमा उपलब्ध भएको कूल ऊर्जामध्ये निजी क्षेत्रको मात्रै ३५ हजार एक सय १४ मेगावाट घण्टा बराबर छ। कूल माग भने ५७ हजार पाँच सय ९४ मेगावाट घण्टा छ।

प्राधिकरणको आफ्नै नौ हजार दुई सय ७६ मेगावाट घण्टा बराबरको ऊर्जा उपलब्ध छ । प्राधिकरणका सहायक कम्पनीका आयोजनाले १३ हजार ५४ मेगावाट घण्टा बराबरको ऊर्जा उपलब्ध गराएको छ । यस आधारमा निजी क्षेत्रको उपस्थिति बलियो र प्रभावकारी छ। निर्माणको चरणमा रहेका अधिकांश आयोजना पनि निजी क्षेत्रकै छन्। विगतको अध्यारा दिनहरु ऊर्जा क्षेत्रमा भएको विकास र विस्तारले क्रमशः उज्यालो र सबल बन्दै गएको छ। यसबाट ऊर्जा क्षेत्र नै आर्थिक विकासको खास अर्थमा संवाहक रहेकोसमेत पुष्टि हुन जान्छ।

# पारालम्पिकमा नेपालको सहभागिता र सम्भावना



**राजु सिलवाल**

फ्रान्सको राजधानी पेरिसमा सम्पन्न गृष्मकालीन ओलम्पिकमा नेपालको सहभागिता खासै उल्लेखनीय नभएपछि अब सबैको ध्यान १७औं गृष्मकालीन पारालम्पिकमा गएको छ । शारीरिक अपाङ्गता तथा फरक क्षमता भएका खेलाडीहरुको यो विश्वव्यापी प्रतियोगिता आज भदौ १२ देखि भदौ २३ गतेसम्म पेरिसमै सञ्चालन हुँदैछ। यो बृहत् खेलकुद प्रतियोगितामा सहभागी हुनका लागि उमेरको कुनै बन्देज लगाइएको छैन। साधारणतया १८ देखि ३० वर्षका खेलाडीहरुले यो प्रतियोगितामा भाग लिएका छन्। यसपटक शरणार्थी टोलीसहित करिब एक सय ७० वटा टोलीको सहभागिता हुँदैछ। सहभागीहरुले विभिन्न २२ वटा खेलका पाँच सय ४९ इभेन्टसमा प्रतिस्पर्धा गर्नेछन्।

नेपालका लागि पारालम्पिकमा सहभागिता नौलो होइन। सन् २००४ देखि नेपालका तर्फबाट निरन्तर रुपमा खेलाडीहरु यसमा सहभागी भइरहेका छन् । नेपालले पहिलोपटक सन् २००४ मा ग्रिसको राजधानी एथेन्समा आयोजित पारालम्पिकमा एक खेलाडी पठाएको थियो । त्यतिखेर निर्मला ज्ञवालीले एथलेटिक्सको सटपुट इभेण्टमा भाग लिएकी थिइन्। सन् २००८ को बेइजिङ पारालम्पिकमा नेपाली धावक जीतबहादुर खड्काले एक सय मिटर दूरीको दौडमा भाग लिएका थिए। २०७२ सालको भूकम्पमा परी उनको दुःखद निधन भएको थियो। सन् २०१२ मा बेलायतको लन्डनमा आयोजित पारालम्पिकमा मैंया बिसुङ्के, विक्रमबहादुर राना र मानबहादुर तामाङ दौडेका थिए। धावक राना र पौडीवाज लक्ष्मी कुवँरले सन् २०१६ मा ब्राजिलको रियो दी जेनेरियोमा पारा ओलम्पिकमा भाग लिएका थिए। सन् २०२१ मा टोकियोमा सम्पन्न पारालम्पिकमा पलेशा गोवर्द्धनले तेक्वान्दो खेलमा सहभागिता जनाएकी थिइन्। यसपालि पलेशासहित तीनजना खेलाडीले नेपालको प्रतिनिधित्व गर्दैछन्। नेपालका तर्फबाट तेक्वान्दोमा दुईजना र पौडीमा एकजनाले भाग लिँदैछन्।

### खेल अधिकारीको अपेक्षा

यस पटकको पारालम्पिकमा नेपाल पहिलोपटक छनोट चरण पार गरेर सहभागी भइरहेको छ। तेक्वान्दो खेलाडी पलेसा गोबर्द्धनले चीनमा पारा ओलम्पिकको एसियन छनोटमा महिलाहरुको ५७ केजीमुनि तौल समूहमा स्वर्ण पदक जितेर पारा ओलम्पिकमा सहभागिता सुनिश्चित गरेकी थिइन् । उनले फाइनलमा इरानी खेलाडी लेल्ला मिर्जाइलाई ५-४ ले पराजित गरेकी थिइन्। त्यसअघि पलेसाले सेमिफाइनलमा उज्वेकिस्तानकी खेलाडी करिमा मेलिकुजिएभालाई १८-२ ले पराजित गर्दै फाइनलमा पुगेकी थिइन्। राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टङ्कलाल घिसिङ पेरिसमा पलेशाको राम्रो सम्भावना भएको बताउनुहुन्छ। लन्डनमा करिव एक महिनासम्म प्रशिक्षण गरेकी पलेशाले टोकियोमा भन्दा यसपालि अझ उत्कृष्ट प्रदर्शन गर्ने धारणा उहाँले व्यक्त गर्नुभयो। पलेशाको प्रशिक्षकका रुपमा पेरिस पुग्नुभएका प्रशिक्षक कविराज नेगी लामा यसपालि नयाँ इतिहास रच्न आफूहरु प्रयत्नरत रहेको कुरा बताउनुहुन्छ। सन् २००८ को बेइजिङ ओलम्पिकमा खुल्ला प्रतियोगिताद्वारा छनोट भएर प्रतिस्पर्धा गर्नुभएका पूर्वओलम्पियन दीपक विष्ट पनि पलेशाको आगामी प्रदर्शनप्रति आशावादी हुनुहुन्छ।

नेपालका तर्फबाट पेरिस पारालम्पिकमा अर्का तेक्वान्दो खेलाडी भरत महताले पनि भाग लिइरहेका छन्। उनी भने वाइल्ड कार्ड कोटाबाट ओलम्पिकमा प्रवेश पाउन सफल भाग्यमानी खेलाडी बनेका छन्। उनले पुरुषहरुको ५८ केजी तौल समूहमा सहभागिता जनाउने छन्। उनी यसअघि पनि अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा भाग लिइसकेका खेलाडी हुन् । पारालम्पिकमा नेपालका तर्फबाट पौडीमा पनि सहभागिता जनाइँदैछ। यसका लागि नेपाललाई वाइल्ड कार्ड प्राप्त भएको थियो। पारा स्विमर भीमबहादुर कुमालले पुरुषहरुको ५० मिटर दूरीको फ्री स्टाइलमा भाग लिँदैछन्। उनले ५० मिटर दूरीको फ्री स्टाइलमा ३३.३४ सेकेन्ड समय अवधिको राष्ट्रिय रेकर्ड कायम गरेका थिए। उनले दुईपटक एसियाली पारा खेलकुदमा भाग लिइसकेका छन्। सन् २०१९ मा लन्डनमा सम्पन्न विश्व पारा स्विमिङ प्रतियोगितामा पनि उनले भाग लिएका थिए।

### विगतका उपलब्धि

नेपालले झन्डै ५० वर्षदेखि फरक शारीरिक क्षमता भएकाहरुको अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगतामा सहभागिता जनाउँदै आइरहेको छ । नेपालले सन् १९७५ मै जापानमा आयोजित अन्तर्राष्ट्रिय अपाङ्ग खेलकुद प्रतियोगितामा स्वर्ण पदक जितेको थियो। त्यतिखेर नेपालबाट सहभागी सूर्यकुमारी गुरुङले एक सय मिटर दूरीको दौडमा प्रथम स्थान हासिल गरेकी थिइन्। नेपालका दृष्टिविहीन खेलाडीहरुले क्रिकेटको विश्वकप स्तरसम्म हासिल गरेको उपलब्धि पनि नेपालको खेलकुदको इतिहासमा उल्लेखनीय मानिएको छ । नेपालका शारीरिक अपाङ्गता तथा फरक क्षमता भएका अन्य खेलाडीले पनि बेलाबखत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा पदक पाएका छन्।

गत टोकियो पारालम्पिकमा पहिलोपटक तेक्वान्दोलाई पनि प्रतियोगिताका रुपमा समावेश गरिएको थियो । त्यस प्रतियोगितामा नेपालबाट सहभागी भएकी एक मात्र खेलाडी पलेशा गोवर्द्धनले महिलाहरुको ५८ केजी तौल समूहमा कास्य पदक पाउने सम्भावनाको नजिक पुगेर पनि गुमाउन बाध्य भएकी थिइन्। उनी रिपेचेज फाइनलमा चीनका युजी लिसँग १२-९ अङ्कले पराजित भएकी थिइन्। पहिलो राउन्डमा उनले ४-२ अङ्कले अग्रता लिई पदकको सम्भावना देखाएकी थिइन्। पहिलो खेलमा बेलायतकी बेथ मुनरोसँग हारे पनि उनले रिपेजको क्वाटरफाइनलमा अमेरिकाकी ब्रियान्ना सालिनारालाई १०-० अङ्क तथा सेमी फाइनलमा सर्बियाकी मारिजा मिसेभले २३-१५ अङ्कको अन्तरले हराउँदै मुलुकको छवि उँचो बनाएकी थिइन्। हाल चीनमा इन्जिनियरिङ अध्ययन गरिरहेकी पलेशा आफ्नो अध्ययन केही समय छोडेर भए पनि मुलुकका लागि पहिलो पारालम्पिक पदक भित्र्याउने लक्ष्यसहित पेरिस पुगेकी छिन्।

### ओलम्पिक जस्तै

सन् १९८८ मा दक्षिण कोरियाको राजधानी सियोलमा आयोजित गृष्मकालीन ओलम्पिकदेखि ओलम्पिक आयोजना भएको सहर तथा खेल स्थलमा पारा गृष्मकालीन ओलम्पिक सुरु भएको थियो । यसैगरी, सन् १९९२ मा फ्रान्सको अल्बर्टभिल्लेदेखि हिउँदे ओलम्पिक पनि एउटै सहरमा हुने क्रम सुरु भएको थियो।

शारीरिक अपाङ्गता तथा फरक क्षमताका खेलाडीहरुबीच हुने प्रतियोगिता भए तापनि पारालम्पिक तथा ओलम्पिकका लागि आयोजक मुलुकले उत्तिकै प्राथमिकता दिँदै आइरहेका छन् । ओलम्पिकमा प्रतियोगिता सञ्चालन भएका रङ्गशाला तथा खेल स्थलहरुमा नै पारालम्पिकका प्रतियोगिताहरु सञ्चालन गर्ने गरिएको छ। यसैगरी, खेलाडीहरुको लागि बसोबासको व्यवस्था तथा अन्य सुविधाहरु पनि ओलम्पिकको जस्तै दिने व्यवस्था मिलाइएको छ। पेरिसमा हालै सम्पन्न गृष्मकालीन ओलम्पिकको उद्घाटन समारोह रङ्गशालाभन्दा बाहिर आयोजना गरिएको थियो । पारालम्पिकको उद्घाटन पनि रङ्गशाला बाहिर नै आयोजना गरिँदैछ।

### इतिहास

पारालम्पिक प्रत्येक चार वर्षमा ओलम्पिक प्रतियोगितालगत्तै आयोजना हुने विश्वस्तरीय खेलकुद प्रतियोगिता हो । सन् १९४८ मा बेलायतको लन्डनमा आयोजित ओलम्पिक खेलकुदमा पहिलोपटक ह्विलचियर प्रयोग गर्ने खेलाडीहरुलाई पनि सहभागीका रुपमा पनि समावेश गरिएको थियो। उनीहरुले आर्चरी खेलमा भाग लिएका थिए।

अन्तर्राष्ट्रिय पारालम्पिक कमिटीका अनुसार सन् १९६० मा इटलीको रोममा पहिलोपटक पारालम्पिक खेलकुदको आयोजना गरिएको थियो। यसमा २३ देशका चार सयजना खेलाडीले भाग लिएका थिए । त्यसपछि हरेक चार वर्षमा पारालम्पिक खेलकुद प्रतियोगिताको आयोजना हुँदै आइरहेको छ। सन् १९७६ मा स्विडेनमा पहिलो हिउँदे खेलकुद आयोजना हुनुलाई पारालम्पिकको इतिहासमा कोसेढुङ्गा मानिएको छ।

### घरभित्रको विवाद

नेपालमा शारीरिक अपाङ्गता र फरक क्षमता भएका खेलाडीहरुको सर्वाङ्गीण हितका लागि गठन भएका खेलकुदसम्बन्धी कमिटीबीच नै आपसमा विवाद रहेको छ। पारालम्पिकसम्बन्धी दुईवटा कमिटी भएको कारणले विवाद चुलिएको हो । केही समयअघि राष्ट्रिय खेलकुद परिषद्को त्रिपुरेश्वरस्थित कभर्ड हलमा पारा तथा विशेष खेलकुदको उद्घाटन समारोहमै आपसी विवादका कारण असामान्य स्थितिको सिर्जना भएको थियो । सन् १९७५ मा जापानमा अन्तर्राष्ट्रिय अपाङ्ग खेलकुद प्रतियोगितामा स्वर्ण पदक जित्नुभएकी सूर्यकुमारी गुरुङले नेतृत्व गरिरहनुभएको पारालम्पिक कमिटी राष्ट्रिय खेलकुद परिषद्मा दर्ता रहेको छ। यसैगरी, अन्तर्राष्ट्रिय मान्यता प्राप्त नेसनल पारा ओलम्पिक कमिटीको नेतृत्व राधा घलेले गरिरहनु भएको छ।

नेसनल पारालम्पिक कमिटीले सन् २००० देखि नेसनल पारा स्पोर्टस एसोसिएसनका नामबाट नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको खेलकुदको क्षेत्रमा कार्य गर्दै आइरहेको छ । सन् २००४ देखि उक्त एसोसिएसनलाई इन्टरनेसनल पारालम्पिक कमिटीले मान्यता प्रदान गरेको थियो।

# संसदमा सांसदहरुबीच सवाल जवाफ

काठमाण्डु । प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरुबीच 'हिंसा' शब्दलाई लिएर सवाल जवाफ भएको छ ।

नेकपा (एमाले) का सांसद योगेशकुमार भट्टराईले विशेष समयमा बोल्ने क्रममा माओवादीको १० वर्षको 'हिंसा' का कारण मुलुकको प्रगति हुन नसकेको तथा जलविद्युत् आयोजना निर्माण गर्नेलाई चन्दा मागेर धम्क्याएको आरोप लगाउनुभयो । उहाँले प्रयोग गर्नुभएको 'हिंसा' भन्ने शब्दलाई लिएर प्रमुख प्रतिपक्ष दल नेकपा (माओवादी केन्द्र) का सांसदहरुले उहाँले सांसद भट्टराईले गैरसंसदीय शब्द बोलेको टिप्पणी गर्नुभयो । सांसद सापकोटाले नियमापत्ति जनाउदै भन्नुभयो, "संसद सञ्चालनको नियमावली विपरीत नियमापत्ति हुने गरी शब्दहरु बोल्नु हुँदैन । माननीयले गैरसंसदीय अमर्यादीत शब्द बोल्नुभएको छ ।"सभामुख देवराज घिमिरेले हिंसा शब्दको प्रयोगबारे आफनो ध्यानार्कषण भएको उल्लेख गर्दै नियमित प्रक्रिया अगाडि बढाउन आग्रह गर्नुभयो । माओवादी केन्द्रका सचिव समेत रहनु भएका सांसद देवेन्द्र पौडेलले उक्त शब्द संविधान प्रतिकुल भएको भन्दै संसदको अभिलेखबाट फिर्ता लिन सभामुख घिमिरेसमक्ष



नियमापत्ति गर्नुभयो । उहाँहरुले उक्त शब्द संसदको अभिलेखबाट हटाउनुपर्ने माग गर्नुभयो ।

सत्तापक्ष एमालेका सांसदहरुले उक्त शब्द असंसदीय नभएको भन्दै हटाउन नहुने धारणा राख्नुभयो । "मैले केही दोष दिएको हैन । अध्ययनले भन्छ कि यदी यो देशमा माओवादी हिंसा १० वर्षसम्म नभएको भए नेपालमा विद्युत् उत्पादनका क्षेत्रमा योभन्दा ठूलो क्रान्ति हुने थियो । असुरक्षाले विद्युत्मा लगानी भएन । दश वर्षको हिंसा नभएको भए २०६५ सालमै लोडसेडिङ अन्त्य हुने थियो", सांसद भट्टराईले भन्नुभयो ।

सांसद भट्टराईले बोल्दै गर्दा माओवादी केन्द्रका सांसद माधव सापकोटाले नियमापत्ति गर्नुभयो । अनुरोध गर्नुभयो ।

"सत्तापक्षमा रहेर बोलिरहनु भएका माननीयलाई खबरदारी गर्न चाहन्छु । यस प्रकारका शब्दको प्रयोग गरेर नेपालको शान्ति प्रक्रियालाई तलमाथि गर्ने अधिकार अहिलेको संविधानले दिँदैन", सांसद पौडेलले भन्नुभयो ।यस्तै माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले नियमापत्ति जनाउँदै सदनमा नियमको उल्लङ्घन भइरहेको बताउनुभयो । उहाँले उक्त शब्द संसदको अभिलेखबाट हटाउन माग गर्नुभयो । एमालेका सांसद रघुजी पन्तले सांसद भट्टराईले प्रयोग गर्नुभएको शब्द असंसदीय नभएको जिकिर गर्नुभयो ।रासस

# स्थानीय तथा राष्ट्रिय समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण

काठमाण्डु । प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरुले स्थानीय तथा राष्ट्रिय समस्या समाधानका लागि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

बैठकको शून्य समयमा भाग लिँदै सांसदहरुले शान्तिसुरक्षाको अवस्थामा सुधार ल्याउन, अराजक व्यवहार प्रदर्शन गर्नेलाई कारबाही गर्न तथा महङ्गी र कालोबजारी नियन्त्रण गर्न सरकारको क्रियाशीलतामा जोड दिनुभयो ।यस्तै, बिग्रेभत्केका सडक पूर्वाधारका कारण दैनिकजसो सवारी दुघर्टनामा बढोत्तरी भई जनधनको क्षति भएकाले आवश्यक सतर्कता अपनाउन कानुन कार्यान्वयन गराउनुपर्ने बताउनुभयो । सांसद विना लामाले धादिङ र रसुवाको सीमाक्षेत्रमा अवैध कारोबार मौलाएको भन्ने सूचना आएकाले शान्तिसुरक्षाको प्रबन्ध गर्न र गैरकानुनी क्रियाकलाप नियन्त्रण गर्न माग गर्नुभयो । सांसद विराजभक्त श्रेष्ठले लामो समयदेखि राजदूत नियुक्ति हुन नसक्दा मुलुकको प्रतिष्ठामा आँच आएको भन्दै तत्काल नियुक्त गर्नुपर्ने बताउनुभयो ।

सांसद विना जैसवालले नेपाली नागरिकको पलायन रोक्ने विशेष व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद श्यामकुमार घिमिरेले गौरा पर्व मनाउने क्रममा टुँडिखेलमा भएको घटनालाई अराजक र उच्छृङ्खल गतिविधि भन्दै त्यस्ता गलत प्रवृत्तिको प्रोत्साहन गर्न नहुने सुझाव दिनुभयो ।सांसद शान्ति विकले चाडपर्वको समयमा अस्वाभाविक रूपमा मूल्यवृद्धि हुँदा नेपाली नागरिकले सास्ती खेप्नु परेको र कमजोर आय भएका नागरिक बढी प्रताडित भएकाले तत्काल नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गर्नुभयो । सांसद शिव नेपालीले डडेल्धुरा अस्पतालको स्तरोन्नति गरी विषयगत चिकित्सकको दरबन्दी थप गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद शिशिर खनाल र शेरबहादुर कुँवरले बाढी पहिरोका कारण क्षतिग्रस्त सडकको मर्मतसम्भारसहित सहज रुपमा सवारी आवागमन हुनेगरी आवश्यक प्रबन्ध गर्नुपर्नेमा जोड दिनुभयो । सांसद शोभा ज्ञवालीले बर्दिया जिल्लाका बाढीपीडितलाई तत्काल राहत, पुनः स्थापना गर्न माग गर्नुभयो ।सांसद सन्तोष चालिसेले नजिकिँदै गरेको चाडपर्वमा जनतालाई मार हुनेगरी महङ्गी बढेको भन्दै बजारमा अनुगमन र निगरानी गर्न जरुरी रहेको बताउनुभयो । सांसद सपना राजभण्डारीले नेपाल वायुसेवा निगममा देखिएको लापरबाही र बेथितिलाई अन्त्य गरी प्रतिस्पर्धी बनाउन सरकारले तत्काल पहल थाल्नुपर्नेमा जोड दिनुभयो ।

सांसद सराजअहमद फारुकीले कपिलवस्तु जिल्लामा व्यवस्थित कृषि खरिद बिक्री केन्द्र तथा कोल्डस्टोरेजको व्यवस्था गरी किसानलाई प्रोत्साहन गर्न अनुरोध गर्नुभयो । सांसद सरिता भुसालले पश्चिम नवलपरासी जिल्लाको सुस्ता गाउँपालिकामा

> सांसद हर्कमाया विश्वकर्माले महिला र बालबालिमाथिको हिंसा न्यूनीकरण गर्न कडा कदम चाल्नुपर्नेमा जोड दिनुभयो ।

रु पाँच करोडको लागतमा निर्माण भएको चिस्यान केन्द्र तत्काल सञ्चालनमा ल्याउन माग गर्नुभयो । सांसद डा स्वर्णिम वाग्लेले आबु खैरहनीमा सडक सुरक्षामा देखिएको लापरबाहीप्रति सरकारको ध्यानाकर्षण गराउँदै भारतीय पर्यटकको आवागमन वृद्धिका लागि सडक सञ्जाललाई व्यवस्थित र सुरक्षित बनाउन सुझाव दिनुभयो । सांसद शान्ति चौधरीले २५औँ मुक्त कमैया दिवस मनाइरहँदा पनि मुक्त कमैयाको माग हालसम्म पूरा नभएको भनी गुनासो गर्नुभयो । सांसद सीता मिजारले सार्वजनिक सवारी साधानलाई सफा र व्यवस्थित बनाउन माग गर्नुभयो ।

सांसद सुदन किराँतीले सरकारको कमजोरी औँल्याउँदा सत्तारूढ गठबन्धन र सरकार चिढिन नहुने धारणा व्यक्त गर्नुभयो । सांसद सुमना श्रेष्ठले धितोपत्रसम्बन्धी संशोधन विधेयकको 'प्रपोट्रिज'मा कुनै अमुक 'ल फर्म' संस्थाको नाम उल्लेख भएको भन्दै आपत्ति जनाउनुभयो ।सांसद सुरेन्द्रराज आचार्यले कपिलवस्तु जिल्लाका विभिन्न भूभाग जग्गा डुबानमा पर्दा हरेक वर्ष खेतीबाली नष्ट हुने गरेको विवरण पेस गर्दै समस्या समाधानका लागि कूटनीतिक पहल गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सुशीला सिर्पाली ठकुरीले वर्तमान सरकारले सुशासन र सामाजिक न्याय दिनै नसक्ने र त्यसतर्फ ध्यानाकर्षण गर्नसमेत असमर्थ रहेको बताउनुभयो । सांसद सूर्यप्रसाद ढकालले मुक्त कमैयाले अझै पनि जग्गाको लालपुर्जा प्राप्त गर्न नसकेको भनी दुःख व्यक्त गर्नुभयो ।सांसद सूर्यप्रसाद तामाङ दोङ्ले काभ्रे जिल्लामा बिग्रेका सडक बाटो निर्माण कार्यलाई गति दिन माग गर्नुभयो । सांसद सोभिता गौतमले विभिन्न सेक्युरिटी कम्पनीमा काम गर्ने कामदारले उचित पारिश्रमिक नपाएको भनी सरकारको ध्यानाकर्षण गर्नुभयो ।सांसद सञ्जयकुमार गौतमले वीर अस्पतालमा स्वास्थ्य परीक्षणका लागि लामो समय कुर्नुपर्ने बाध्यताको अन्त्य गर्न माग गर्नुभयो । सांसद हर्कमाया विश्वकर्माले महिला र बालबालिमाथिको हिंसा न्यूनीकरण गर्न कडा कदम चाल्नुपर्नेमा जोड दिनुभयो ।

सांसद हितबहादुर तामाङले मनसुनको समयमा सडक र हवाई दुवै यात्रा असुरक्षित भएकोप्रति चिन्ता व्यक्त गर्नुभयो । सांसद हितराज पाण्डेले लघुवित्त पीडितलाई चाँडोभन्दा चाँडो न्याय दिन माग गर्दै भ्रष्टाचार कसुरको मुद्दामा पाँच वर्षको हदम्याद राख्न नहुने बताउनुभयो ।सांसद हेमराज राईले राजनीतिक नियुक्ति समावेशी नभएको भनी गुनासो गर्नुभयो । सांसद हृदयराम थानीले भ्रष्टाचारको मुद्दामा पाँच वर्षको हदम्याद राख्न नहुने बताउनुभयो । सांसद ज्ञानु बस्नेत सुवेदीले श्रम ऐन कार्यान्वयन नभएको भनी चिन्ता व्यक्त गर्दै श्रमिकको न्यूनतम पारिश्रमिक वृद्धिको माग गर्नुभयो ।सांसद ज्ञानेन्द्रबहादुर कार्कीले सुनसरी जिल्लाका बासिन्दाले आधारभूत स्वास्थ्य सेवा पनि नपाएको भन्दै तत्काल आवश्यक प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गर्नुभयो ।रासस

# सुदूरपश्चिम क्षेत्रको विकासका लागि प्रतिबद्ध छु: परराष्ट्रमन्त्री डा राणा

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले मुलुकको सुदूरपश्चिम क्षेत्रको विकासका लागि आफू प्रतिबद्ध रहेको बताउनुभएको छ । गौरा पर्व मनाउन बुधबार धनगढी पुग्नुभएकी परराष्ट्रमन्त्री डा राणाले आफू सो क्षेत्रको विकासका लागि प्रतिबद्ध रहेको बताउँदै सो क्षेत्रको विकासबारे हालै भारत भ्रमणका क्रममा भारत सरकारसँग पनि कुरा उठाएको बताउनुभएको हो ।

धनगढी उपमहानगरपालिका वडा नं ४ मा निर्मित आधारभूत स्वास्थ्य केन्द्र एवं वडा कार्यालय भवनको बुधबार उद्घाटन गर्दै उहाँले सो धारणा नेपालमा विकास निर्माणका कामहरु गर्दै आएको स्मरण गर्दै स्थानीय सरकारलाई बलियो बनाउने गरी संवैधानिक व्यवस्था गर्ने, स्थानीय सरकारलाई सशक्त र सुविधासम्पन्न बनाउने एवं महिलाको प्रतिनिधित्वसहित समावेशी प्रकृतिको स्थानीय सरकार बनाउने अभियानको नेतृत्व पनि नेपाली कांग्रेसले नै गरेको चर्चा गर्नुभयो ।

भवन तथा अन्य संरचनाहरुको निर्माण पनि एक प्रकारको विकासको सूचक हो भन्दै तर निर्माण भएका यी सरकारी सम्पत्तिको संरक्षण गर्न तथा समय समयमा तिनको मर्मत सम्भार गर्न पनि उहाँले सम्बद्ध व्यक्ति तथा पदाधिकारीलाई



राख्नुभएको हो । आफ्नो हालै सम्पन्न भारत भ्रमणका क्रममा यहाँको गौरीफन्टा नाकालाई पूर्ण क्षमताका साथ सञ्चालन गर्नेगरी स्तरोन्नति गर्ने विषयमा आफूले कुरा राखेको जानकारी पनि उहाँले दिनुभयो ।

मन्त्री डा राणाले भन्नुभयो "केही बर्षमात्र अघि पनि तत्कालीन प्रधानमन्त्री श्रद्धेय शेरबहादुर देउवा भारत भ्रमण गएका बेला यो नाकाका बारेमा कुरा राख्नुभएको थियो । यो नाका हाम्रो सुदूरपश्चिम क्षेत्रकै एक 'लाइफा लाइन' नै हो । त्यसैले यस पटकको भ्रमणमा मैले हाम्रा तर्फबाट यस विषयमा कुरा राखेको छु । भारतीय पक्षबाट पनि केही लिखित प्रस्ताव आओस् भन्ने कुरा आएको छ । हामी यो नाकाको स्तरोन्नति गरी पूर्ण क्षमतामा सञ्चालन गर्नेगरी प्रक्रिया अघि बढाउने छौँ ।"

त्यसैगरी भारत भ्रममणकै क्रममा धनगढीको फाप्लुमा निर्माण हुने बहुउद्देश्यीय खेलमैदानका विषयमा पनि आफूले कुरा उठाएको उहाँले जानकारी दिनुभयो । उहाँले बिगत लामो समयदेखि नै नेपाली कांग्रेसको नेतृत्वको सरकारले सुझाव दिनुभयो । उहाँले कुनै पनि संरचना निर्माण गरेर मात्र नहुने र ती भवन अथवा संरचनाहरुबाट नागरिकले स्थानीय स्तरमा दिइने सेवा सुविधाहरु प्राप्त गर्न पाउनुपर्ने धारणा पनि राख्नुभयो ।

धनगढी उपमहानगरपालिकामा विकास निर्माणका कामहरु भइरहेका बताउँदै मन्त्री डा राणाले भन्नुभयो "विकास निर्माण एक प्रक्रिया हो र यो विस्तारै हुँदै जान्छ । यस उपमहानगरमा यहाँका मेयरको नेतृत्वमा विकासका कामहरु भइरहेका छन्, मलाई खुसी लागेको छ ।"गौरा पर्व मनाउन बुधबार बिहान धनगढी पुग्नुभएकी मन्त्री डा राणाले धनगढीस्थित आफ्नो निवासमा पूजा गर्नुभएको थियो । बिहान उहाँलाई धनगढी विमानस्थलमा सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाह, मन्त्रीहरु, सो प्रदेशका उच्च सरकारी अधिकारी तथा नेपाली कांग्रेसका स्थानीय कार्यकर्ताहरुले स्वागत गर्नुभएको थियो ।रासस

# प्रतिनिधिसभा बैठक:दिगो र भरपर्दो सिँचाइ गर्नुपर्नेलगायत विषयमा सरकारको ध्यानाकर्षण

काठमाण्डु । प्रतिनिधिसभा सांसदहरूले दिगो र भरपर्दो सिँचाइ, चुरे संरक्षण, सुरक्षित आवास निर्माण तथा भ्रष्टाचार नियन्त्रणलगायतका विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको बुधबारको बैठकको विशेष समयमा सांसदहरूले राष्ट्रको समृद्धिका पक्षमा सबै पार्टी एकजुट हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाली कांग्रेसका सांसद दिनेशकुमार यादवले पूर्वी तराई मधेसको सप्तरी जिल्लामा दिगो र भरपर्दो सिँचाइ आयोजना नभएकामा सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले सप्तरी जिल्लामा सिँचाइ आयोजनाका लागि बजेट प्राप्त भए पनि कार्यालय स्थापना हुन नसक्दा समस्या परेकाले समाधानका लागि आग्रह गर्नुभयो । चुरे संरक्षण, वर्षातको समयमा बाढीको जोखिम र हुलाकी राजमार्गको विस्तार एवं मर्मतका लागि द्रुतगतिमा काम गर्न उहाँले सरकारसँग माग गर्नुभयो ।

सोही दलका सांसद देवप्रसाद तिमल्सेनाले विभिन्न आयोजनाका काममा भइरहेको ठिलाइप्रति सरकारको ध्यानाकर्षण गराउनुहुँदै समयमा काम गर्ने व्यवसायीको भुक्तानी समयमै दिने र काम नगर्नेलाई कारबाहीको दायरामा ल्यानुपर्नेतर्फ धारणा राख्नुभयो । उहाँले स्वदेशी काठको खपत, सुरक्षित आवास कार्यक्रमको प्रभावकारिता, दूध उत्पादक किसानलाई समयमा भुक्तानी



र संस्थागत भ्रष्टाचारको अन्त्यका लागि ध्यानाकर्षण गराउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद रणेन्द्र बराइलीले सत्तापक्ष र प्रतिपक्ष संसद्मा जुहारी खेल्नुभन्दा राष्ट्र समृद्ध बनाउनेतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले राष्ट्र निर्माणको सवालमा राजनीतिक दलबीच समान धारणा जरुरी रहेको उल्लेख गर्नुहुँदै एउटा सरकारले ल्याएको योजना अर्को सरकारले भत्काउने प्रवृत्तिको विरोध गर्नुभयो । सिङ्गो दलित समुदायको हक स्थापित गर्न गठन गर्ने भनिएको दलित विकास प्राधिकरणलगायत विषयको तत्काल कार्यान्वयन गर्न माग गर्नुभयो ।रासस

# देशभरका छोटी भन्सार कार्यालय चाँडो सञ्चालनमा ल्याउनुपर्छ : गृहमन्त्री लेखक

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले देशभरका छोटी भन्सार कार्यालयहरु सक्दो चाँडो सञ्चालनमा ल्याउनुपर्ने बताउनुभएको छ । उहाँले राजस्व चुहावट नियन्त्रणका लागि सशस्त्र द्वन्द्वमा बन्द भएका छोटी भन्सार कार्यालयहरु सञ्चालनमा जोड दिनुभयो ।

सिंहदरबारस्थित अर्थमन्त्रालयमा बुधबार बसेको केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बैठकमा गृहमन्त्री लेखकले लक्ष्यअनुसार राजस्व उठाउन गृहमन्त्रालयले पूर्णरुपमा काम गर्ने वचनबद्धता व्यक्त गर्नुभयो । "राजस्व लक्ष्यअनुसार उठिरहेको छैन । लक्ष्यअनुसार राजस्व उठाउने विषयमा अर्थमन्त्रालयले राखेको अपेक्षाअनुसार गृहमन्त्रालयले काम गर्छ," उहाँले भन्नुभयो, "मैले मेरो मन्त्रालयका वरिष्ठ अधिकृतहरु, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षकहरुसँग छलफल गरेर राजस्व बढाउन निर्देशन दिएको छु । यसमा हाम्रो पूर्णरुपमा काम गर्ने बचनबद्धता छ ।"

गृहमन्त्री लेखकले जग्गा र भवन भएका छोटी भन्सार कार्यालय सञ्चालनमा ल्याउन चाँडै निर्णय गरिने तथा जनशक्ति पठाउन पहल गरिने बताउनुभयो । "भन्सार कार्यालयको जनशक्ति कम छ भने बढी जनशक्ति भएको ठाउँबाट ल्याएर काम गर्न सकिन्छ । यसमा मैले सहयोग गर्छु । भारततिर भन्सार कार्यालय छैन भनेर नेपालमा छोटी भन्सार कार्यालय सञ्चालन गर्न



नरोकौँ । छोटी भन्सार कार्यालय हुँदा राजस्वमा वृद्धि हुन्छ," उहाँले भन्नुभयो ।

गृहमन्त्री लेखकले उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई गृह मन्त्रालयले गर्ने काममा कमी कमजोरी भए जुन सुकै बेला सुझाव दिन आग्रह गर्नुभयो । यस्तै, उहाँले सीमित स्रोतसाधनका बाबजुद प्रहरीले धेरै भार बोकेको उल्लेख गर्दै अर्थमन्त्री पौडेलको ध्यानाकर्षण गराउनुभयो ।"प्रहरीलाई काम गर्न धेरै भार भएको छ ।रासस

# 'डेडिकेटेड' र 'ट्रङ्क लाइन' महसुल विवादमा लेखा समितिले कुनै निर्णय गरेको छैन: सांसद भट्टराई



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद योगेशकुमार भट्टराईले 'डेडिकेटेड' र 'ट्रङ्क लाइन' महसुल विवादका सम्बन्धमा सार्वजनिक लेखा समितिले कुनै निर्णय नगरेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा विशेष समयमा बोल्दै सांसद भट्टराईले सो प्रकरणमा कोही कसैलाई कारबाहीका लागि प्रस्तावसमेत नभएको जिकिर गर्नुभयो । उहाँले आर्थिक उत्तरदायित्व ऐन विपरीतअनुसार महालेखाले निकालेको निष्कर्षमा टिप्पणी गर्ने क्षेत्राधिकार सार्वजनिक लेखा समितिको मात्रै भएको उल्लेख गर्नुभयो ।सांसद भट्टराईले २०७६ मा तत्कालीन सांसद डा मीनेन्द्र रिजालको संयोजकत्वमा सार्वजनिक लेखा समितिअन्तर्गत गठित उपसमितिले आठवटा प्रस्तावसहित सम्बन्धित निकायलाई निर्देशन दिएको स्मरण गराउनुभयो । उहाँले पूर्ववर्ती सरकारले डेडिकेटेड तथा ट्रङ्क लाइनको रु २१ अर्ब ८८ करोड बक्यौतामा छुट दिने निर्णय ऐन विपरीत भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हिजो सभामा विपक्षी दलका नेताले प्रधानमन्त्रीलाई स्पष्टीकरण सोध्नु भन्नुभयो, तत्कालीन प्रधानमन्त्री एवं हालका विपक्षी दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भन्न चाहन्छु, तपाईंले कुन कानुनका आधारमा र तपाईंसँग भएको कुन अधिकार प्रयोग गरेर नेपाल विद्युत् प्राधिकरणको रु १६ अर्बको बक्यौता छुट दिने निर्णय गर्नुभयो ? यो प्रतिनिधिसभाले तपाईंलाई स्पष्टीकरण सोध्छ ।"

उहाँले सार्वजनिक लेखा समितिमा आफूहरुले कुनै नयाँ निर्णय नगरेको दोहोऱ्याउनुभयो । "कसैलाई नयाँ कारबाहीको प्रस्ताव गरौँ भनेका हैनौँ, तत्कालीन सांसद डा मीनेन्द्र रिजालको उपसमितिले दिएको निर्ष्कष र त्यस आधारमा सार्वजनिक समितिले दिएको निर्देशन अहिले कार्यान्वयन गरौँ भनेका हौँ", उहाँले भन्नुभयो ।रासस

# अर्थ मन्त्रालय र बेलायत सरकारबीच समझदारीपत्रमा हस्ताक्षर

काठमाण्डु । अर्थ मन्त्रालय र बेलायत सरकारबीच वित्तीय सहयोगसम्बन्धी दुई छुट्टाछुट्टै समझदारीपत्रमा बुधबार हस्ताक्षर भएको छ । अर्थ मन्त्रालयमा आज 'नेपालमा उत्थानशीलता, अनुकूलन र समावेशी (रेन) कार्यक्रम' र प्रणाली सुदृढीकरणमार्फत लैङ्गिक र मानव विकासका परिणामहरू वृद्धि गर्न 'सामर्थ' कार्यक्रममा समझदारी भएको हो ।



अर्थ मन्त्रालयका अनुसार नेपालमा उत्थानशीलता, अनुकूलन र समावेशी कार्यक्रमका लागि ३८ दशमलव पाँच मिलियन स्टर्लिङ पाउण्ड र सामर्थ कार्यक्रमका लागि ३८ दशमलव आठ मिलियन स्टर्लिङ पाउण्ड बेलायत सरकारबाट वित्तीय अनुदान सहयोग उपलब्ध गराउने गरी सहमति भएको छ । नेपाल सरकारका तर्फबाट अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्मा र बेलायत सरकारका तर्फबाट बेलायती राजदूतावास काठमाडौँका विकास निर्देशक तथा उपराजदूत पिप्पा बर्डले हस्ताक्षर गर्नुभएको हो ।

जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित बनेका क्षेत्रका स्थानीय सरकार र समुदायको क्षमता अभिवृद्धि गर्नुका साथै कर्णाली, लुम्बिनी र मधेश प्रदेशमा मानव पुँजी निर्माण र सेवा प्रवाहमा सुधार ल्याउने लक्ष्यका साथ दुवै कार्यक्रमका लागि सहयोग उपलब्ध भएको अर्थ मन्त्रालयका सहसचिव शर्माले बताउनुभयो । मन्त्रालयका सहसचिव शर्माले रेन कार्यक्रम गृह मन्त्रालय र वन तथा वातावरण मन्त्रालयले क्रमशः विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनलाई सुदृढ गर्नका लागि लागू गरिने जानकारी दिनुभयो । रेन कार्यक्रम लुम्बिनी र मधेश प्रदेशमा सञ्चालन हुने छ । साथै गुणस्तरीय शिक्षामा विशेषध्यानकेन्द्रितगरीप्रभावकारी सामाजिक सेवामा पहुँच विस्तार गर्ने उहाँले बताउनुभयो ।

"समयो कार्यक्रम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले लागू गर्नेछ ।

सामर्थ कार्यक्रम लुम्बिनी र मधेश प्रदेशमा सञ्चालन गरिने छ । यसले नेपाल र बेलाायतबीचको सौहार्दपूर्ण तथा विकासको क्षेत्रमा बेलायतले निरन्तर गरिरहेको सहयोगको प्रमाण प्रस्तुत गर्नेछ", शर्माले भन्नुभयो, "दुवै कार्यक्रमका उद्देश्यहरू प्राप्त गर्नका लागि सम्बन्धित मन्त्रालयले प्रभावकारी रूपमा समन्वय गर्नेमा हामी विश्वस्त छौँ ।"

अर्थ मन्त्रालयमा भएको हस्ताक्षर समारोहमा बेलायती दूतावासका विकास निर्देशक तथा उपराजदूत बर्डले सामाजिक सेवा, जलवायु परिवर्तन र मानव पुँजी विकासमा बेलायतले सहयोग गर्दै आइरहेको जानकारी दिनुभयो । "हामी जलवायु परिवर्तनको विश्वव्यापी चुनौतीलाईसम्बोधनगर्ननेपाललाई सहयोग गर्न प्रतिबद्ध छौँ", उहाँले भन्नुभयो, "क्षेत्रीयस्तरमा मानवीय स्वास्थ्यमा देखिएको सम्भावित खतरा र सामाजिक सेवा प्रदान गर्न आवश्यक वित्तीय सहयोग निरन्तर रहने छ ।"

दुवै कार्यक्रमले प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका जोखिम सामना गर्न, जोखिम न्यूनीकरण गर्न तथा आधारभूत सेवाहरूको वितरणमा सुधार गर्न पनि सहयोग पुग्ने अपेक्षा गरिएको बेलायती दूतावासका विकास निर्देशक तथा उपराजदूत बर्डले उल्लेख गर्नुभयो । बेलायत र नेपालबीचको दुई सय वर्ष पुरानो विश्वसनीय साझेदारीलाई थप मजबुत बनाउँदै स्वास्थ्य, शिक्षा, पानी र सरसफाइ, जलवायु अनुकूलन, र प्राकृतिक प्रकोप न्यूनीकरणका लागि सहयोग पुग्ने विश्वास लिइएको छ । रासस

# हजारौं विस्थापित युक्रेनी बालबालिकालाई पोल्याण्डका विद्यालयमा भर्ना गरिने

एएफपी

वार्सा ।स्वदेश फर्कने आशामा यसपहिले पोल्याण्डको शैक्षिक कक्षाहरूमा सामेल नभएका युक्रेनी बालबालिकाहरूलाई अर्को हप्तादेखि पोल्याण्डका विद्यालयमा भर्ना गरिने भएको छ । नयाँ भर्ना हुने विद्यार्थीहरूमा कतिपय विगत दुई बर्षदेखि विद्यालउ गएका छैनन् भने कतिपयले पहिलो पटक विद्यालय भर्ना हुँदैछन् ।

पोल्याण्डमा शरणार्थी परिवारका लागि शिक्षा अनिवार्य गरिएको नयाँ कानून लागु हुने भएपछि यसपहिले विद्यालय नगई स्वदेश फर्किने र आफ्नै घर दैलोनजिक वा छिमेकमा पढ्ने आशाको पखाईमा रहेका अनुमानित करिब २० हजारभन्दा माथि र ८० हजार भन्दा कम विद्यार्थीले पोल्याण्डका विद्यालयमा भर्ना हुने अपेक्षा गरिएको छ ।सन् २०२२ मा रुसी आक्रमणको सुरुआतमै युक्रेन छोडेकी १२ वर्षीया नादियाकी आमा मेरिना रूडले भन्नुभयो, "हामी अझै अन्योलमा छौं ।"

रूडले आफ्नी छोरीलाई पोलिश विद्यालयमा भर्ना गरेको तर महिनौंसम्म धम्कीको सामना गर्नुपरेको र अन्ततः उनले विद्यालयबाट छोरीलाई निकाल्नुभएको थियो। "उनी (छोरी) मलाई भन्थिनः उनको युक्रेनी उच्चारण सुनेर उनीहरू हाँस्थे । म जति शब्द बोल्छु त्यति पटक उनीहरू (पोलिस बालबालिका) हाँस्छन् ।"नादियाले गत वर्ष युक्रेनी विद्यालयमा अनलाइन अध्ययन गरेकी थिइन् । यसलाई धेरै शरणार्थी परिवारद्वारा शिक्षाको लागि एक भरोसाका रूपमा हेरेका थिए । यो उनीहरूका लागि एउटा अनुकुल समाधानजस्तै थियो ।

**'शरणको व्यवस्था'**

गैर-नाफामूलक समूह (सेन्टर फर सिटिजनशिप एजुकेसन)का प्रमुख जेड्रेज विट्कोव्स्कीले भन्नुभयो, "पोलिश शिक्षा प्रणालीमा कति बालबालिकाको हिसाब



किताब छैन, त्यो ठूलो कुरा होइन।"सन् २०२२ को फेब्रुअरीमा मस्कोले युक्रेनमाथि आक्रमण सुरु गरेको केही हप्तापछि पोल्याण्डले शरणार्थीहरूलाई आश्रय दिन आफ्नो सीमा खुला गरेको थियो र युरोपेली सङ्घ (ईयू)ले उनीहरूलाई स्वतन्त्र रूपमा ईयूमा आवतजावत गर्ने अधिकार दिएको थियो। "निगरानी गर्न धेरै गाह्रो छ," विट्कोव्स्कीले भन्नुभयो । "कति जना युक्रेनी बालबालिका वा नागरिकले पोल्याण्डमा शरण लिएका छन् भनेर हामी ठ्याक्कै भन्न असमर्थ छौं।

लगभग एक लाख ३४ हजार युक्रेनी केटाकेटीहरू ग्रीष्मकालीन बिदाअघि पोल्याण्डका विद्यालयमा पढ्थेसेन्टर फर सिटिजनसिप एजुकेसनका अनुसार अहिलेसम्म २० हजारदेखि ८० हजार बालबालिका शिक्षा प्रणालीभन्दा बाहिर रहेका छन्। विट्कोव्स्कीले भन्नुभयो, पोल्याण्डमा का रूपमा बच्चाहरूले दूर शिक्षा पठनपाठनलाई पछ्याइरहेका छन्। आक्रमणपछि आफ्नी आमा नतालिया खोत्सिनोभ्स्कासँग पोल्याण्ड बसाइँ सरेका १२ वर्षीय इभानको अवस्था पनि अन्य हजारौं बालबालिकाको जस्तै छ।

> लगभग एक लाख ३४ हजार युक्रेनी केटाकेटीहरू ग्रीष्मकालीन बिदाअघि पोल्याण्डका विद्यालयमा पढ्थे।सेन्टर फर सिटिजनसिप एजुकेसनका अनुसार अहिलेसम्म २० हजारदेखि ८० हजार बालबालिका शिक्षा प्रणालीभन्दा बाहिर रहेका छन्।

इवान गर्मीको समयमा पोलिश सिक्दै छन् उनकी आमाले अहिलेका लागि आफ्नो परिवारका लागि 'नरम सङ्कटकाल'को अवस्था रहेको बताउनुभयो किनकि अहिले उहाँहरूसँग भाषाको समस्याका कारण बोल्ने साथीसम्म पनि छैन। जे होस्, उहाँले छोरीलाई एक निजी युक्रेनी विद्यालयमा पठाउने विकल्प रोज्नुभएको छाखोत्सिनोभस्काले एएफपीसँग भन्नुभयो, "यहाँ हाम्रो कुनै साथी छैन, कुराकानी गर्ने कोही पनि छैन।"खोत्सिनोभस्काले भन्नुभयो, "यो आमाहरूको लागि पनि गाह्रो छ । कहिलेकाहीं आफूलाई बच्चाले सिक्ने परिणाम र बच्चाको मनको शान्ति के रोज्ने भन्ने पनि दोधार हुने गरेको छ।"

उहाँको छोराले वार्सामा क्याथोलिक इन्टेलिजेन्ट्सिया क्लब (केआईके) द्वारा संचालित भाषा पाठ्यक्रम र एकीकरण गतिविधिहरूको श्रृंखलामा भाग लिएका छन्।' ट्राम्पोलिन' नाम दिइएको यो परियोजना युक्रेनी बच्चाहरू र उनीहरूका आमाबाबुलाई सङ्क्रमणकालमा मद्दत गर्न डिजाइन गरिएको हो।आयोजकमध्येकी एक ओलेसिया कोलिस्निकले भन्नुभयो, "यो पाठ्यक्रमले 'धम्कीको जवाफ कसरी दिने, आमाबाबुलाई कसरी व्यवहार गर्ने' शिक्षा दिन्छ ।

"झण्डै ९९ प्रतिशतलाई उनीहरूको चालचलन, बोल्ने शैली र शैक्षिक क्षमताका कारण जिस्काइन्छ", कोलिस्निकले एएफपीसँग भन्नुभयो, "विशेषज्ञहरूको चेतावनीलाई प्रतिध्वनित गर्दै कि यो युक्रेनी बच्चाहरूको लागि दुई प्रमुख समस्याहरू मध्ये एक हो। "उत्तरार्द्धमा सहयोग गर्न, लुब्लिन शहरको एक गैर-लाभकारी घरायसी स्वादको पठनपाठन गर्न पोलिस विद्यालयहरूमा युक्रेनीहरूका लागि भाषा पाठ्यक्रम प्रदान गर्न थालेका छन्। एउटा टेबुलको चारैतिर बसेर सात जना केटाकेटीको एउटा समूहले 'सी' अक्षर कोर्नुभन्दा पहिले ' फ्लाई स्वाटर'हरू अर्थात् त्यो अक्षरबाट सुरु हुने वस्तुहरूको 'ट्र्याप कार्ड'हरू चलाउन सिकाइन्छ ।

**घुलमिलका लागि खेल र अन्य मनोरञ्जनात्मक क्रियाकलाप**

सातदेखि नौ वर्ष उमेर समूहकी शिक्षिका पाउलिना स्क्रजिपेकले पोलिश र युक्रेनीबीच समानता भए पनि यसले शरणार्थी बालबालिकाको पक्षमा काम नगर्ने बताउनुभयो। वार्साको एक प्राथमिक विद्यालयकी प्रधानाध्यापक दानुता कोजाकिविक्जका अनुसार युक्रेनी केटाकेटीले आफ्ना पोलिश साथीहरूसँग कसरी घुलमिल हुने भन्ने कुरामा भाषाले महत्त्वपूर्ण भूमिका खेल्छाकोजाकिविक्जले फुटबल प्रतियोगितादेखि विद्यालयमा हुने विभिन्न एकीकरण कार्यक्रमहरू पनि आयोजना गर्छ।

उहाँले भन्नुभयो, "फुटबल प्रतिस्पर्धाको क्रममा, एक बच्चा पोलिशमा चिच्याइरहेको छ, अर्को युक्रेनीमा, तर उनीहरूलाई कुनै न कुनै तरिकाले थाहा छ कि के भइरहेको छ र उनीहरूले खेलको एउटै टोलीमा सहकार्य गर्नसक्छन् ।" पोल्याण्डका थुप्रै युक्रेनी विद्यालयस्तरका केटाकेटीहरू अझै पनि घर फर्कन आतुर छन्।रुडले भन्नुभयो, "उनीहरू हरेक दिन सामाजिक सञ्जाल हेर्छन् र समसामयिक घटनाहरूको सूचना प्राप्त गर्छन् । उनीहरू हरेक दिन घर फर्कने क्षणको पर्खाइमा छन्।"

# साफ यु-२० च्याम्पियनपशिप फुटबलको उपाधि बङ्गलादेशलाई



काठमाण्डु । बङ्गलादेशले नेपाललाई हराउँदै साफ (दक्षिण एसियाली फुटबल महासङ्घ) यु-२० च्याम्पियनपशिप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । बङ्गलादेशले सो उपाधि पहिलो पटक जितेको हो ।

ललितपुरकोसातदोबाटोस्थितअखिल नेपाल फुटबल सङ्घ (एन्फा) को मुख्यालयको खेलमैदानमा बुधबार भएको फाइनल खेलमा बङ्गलादेशले नेपालमाथि ४-१ गोलको जित निकाल्दै उपाधिमाथि कब्जा जमाएको हो । यसअघि दुईपटक फाइनलमा पुगेको बङ्गलादेश दुवै पटक पराजित हुँदै उपविजेता बनेको थियो । सन् २०१९ र सन् २०२२ मा भएको साफ च्याम्पियनशिपमा बङ्गलादेश फाइनलमा पुगेको थियो । त्यतिबेला दुवै पटक भारतसँग पराजित हुँदै बङ्गलादेश उपविजेतामा सीमित बनेको थियो ।

बङ्गलादेशको जितमा बुधबारको खेलमा मिराजुल स्लामले दुई गोल गरे भने रब्बी होसेन राहुल र मोहम्मद पिस अम्मद नोभाले समान एक-एक गोल गरे । खेलको पहिलो हाफको अतिरिक्त समयमा मिराजुलले गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाए । त्यसपछि खेलको ५५औं मिनेटमा अस्दुल मोल्लाले दिएको पासलाई सदुपयोग गर्दै मिराजुलले हेडमार्फत व्यक्तिगत दोस्रो गोल गरे । खेलको ७१औं मिनेटमा बङ्गलादेशका अर्का खेलाडी रब्बीले गोल गर्दै टोलीलाई तेस्रो अग्रता दिलाए । त्यस्तै, खेलको ८१औं मिनेटमा नेपालका समीर तामाङले गोल गरे । बङ्गलादेशका गोल किपर अगाडि गएको अवस्थामा सान्त्वना गोल गरे ।

यसैगरी, बङ्गलादेशका अर्का खेलाडी नोभाले खेलको दोस्रो हाफको अतिरिक्त समयमा एक गोल थपे । त्यसपछि खेलमा गोल हुन सकेन र अन्ततः बङ्गलादेशले नेपालमाथि ४-१ को ऐतिहासिक जित हासिल गर्‍यो । हारसँगै साफ च्याम्पियनशिपको उपाधिमाथि ' ह्याट्रिक' गर्ने नेपालको सपना अधुरै रहन पुगेको छ ।नेपालबाटै सन् २०१५ मा साफ यू-१९ च्याम्पियनशिपका नामबाट सुरुआत भएको उक्त च्याम्पियनशिपको उपाधि सुरुआतमा नेपालले जितेको थियो । उक्त च्याम्पियनशिपको फाइनल खेलमा नेपालले भारतलाई 'टाइब्रेकर'मा पराजित गर्दै उपाधिमाथि कब्जा जमाएको थियो । उक्त च्याम्पियनशिप यसअघि कहिले साफ यू-१८ र कहिले साफ यू-२० को नामबाट सञ्चालन हुँदै आएको छ ।

त्यसैगरी, सन् २०१७ मा भूटानमा आयोजना भएको साफ यू-१८ च्याम्पियनशिपमा पनि नेपालले उपाधि जितेको थियो । त्यतिबेला राउन्ड रोबिन लिगका आधारमा खेलाइएको उक्त प्रतियोगितामा नेपालले शीर्ष स्थानमा रहँदै प्रतियोगिताको उपाधि जितेको थियो ।छैटौं संस्करणको उक्त प्रतियोगिताको लिग चरणका खेलमा भने नेपालले बङ्गलादेशलाई २-१ गोलअन्तरले पराजित गरेको थियो । त्यसैगरी, सेमिफाइनलमा नेपालले भूटानलाई तथा बङ्गलादेशले भारतलाई पराजित गर्दै साफ यू-२० च्याम्पियनशिपको फाइनलमा स्थान बनाएका हुन् ।

यही भदौ २ गतेदेखि सञ्चालन भएको उक्त प्रतियोगितामा नेपालसँगै बङ्गलादेश, श्रीलङ्का, भारत, माल्दिभ्स र भूटानले सहभागिता जनाएका थिए । उक्त प्रतियोगिता त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुने तालिका थियो तर वर्षाका कारण खेलमैदान हिलाम्य हुँदा एन्फाले प्रतियोगिताको सम्पूर्ण खेल सातदोबाटोमा खेलाइएको हो । विजेतालाई युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, राष्ट्रिय खेलकुल परिषद् (राखेप) का सदस्य सचिव टङ्कलाल घिसिङ, अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का अध्यक्ष पङ्कजविक्रम नेम्बाङलगायतले पुरस्कार वितरण गरेका थिए ।रासस

# गाजाको सुरुङबाट बन्धकको उद्धार

एएफपी

गाजा । हमासको आक्रमणको क्रममा पक्राउ परेका एक बन्धकलाई मङ्गलबार गाजास्थित एक सुरुङ्गबाट उद्धार गरिएको इजरायली सेनाले जनाएको छ ।

एक अमेरिकी अधिकारीका अनुसार गाजा युद्धविराम र बन्धक मुक्तिको सम्झौता सुरक्षित गर्ने उद्देश्यले कतारमा वार्ता जारी रहेको छ तर इजरायल र हमास कसैले पनि सहभागिताको निरन्तरता पुष्टि गरेका छैनन् ।इजरायली सेनाले ५२ वर्षीय काइद फरहान अल्कादीलाई दक्षिणी गाजाको एउटा सुरङबाट एक्लै रहेको अवस्थामा फेला पारी उद्धार गरेको जनाएको छ । गत अक्टोबरमा दक्षिणी इजरायलमा भएको आक्रमणको क्रममा अपहरणमा परेका २५१ जना मध्ये उहाँ एक हुनुहुन्छ। बन्धकमध्ये १०४ जना अझै पनि गाजामा बन्दी छन् भने ३४ जनाको मृत्यु भइसकेको सेनाले जनाएको छ ।युद्धका कारण गाजा ध्वस्त भएको छ, यहाँका लगभग २४ लाख मानिसहरूमा मानवीय सङ्कट छाएको छ ।

हमासद्वारा सञ्चालित नागरिक सुरक्षा एजेन्सीले गाजा सहर र मध्य र दक्षिणी गाजाका दुई शरणार्थी शिविरहरूमा छुट्टै इजरायली आक्रमणमा कम्तीमा १५ जनाको मृत्यु भएको जनाएको छ ।

अल्कादीलाई इजरायलको सोरोका मेडिकलमा लगि उपचार गराउँदा अस्पताल निर्देशक श्लोमी कोदेशले उहाँको अवस्था सामान्य रहेको जानकारी दिनुभएको छ। यद्यपि, लामो समयसम्म सुरुङमा रहेका व्यक्तिहरू स्वास्थ्य समस्याको जोखिममा हुनसक्ने आँकलनसहित अल्काडीलाई 'निरन्तर मूल्याङ्कन' का लागि राखिएको कोदेशले



बताउनुभयो ।

सेनाका अनुसार उहाँ दक्षिणी इजरायलका बेदुइन अरब सहर राहतका बासिन्दा अल्कादी अक्टोबरमा आतङ्कारीले आक्रमण गरेको क्षेत्रको गोदाममा गार्डको रूपमा काम गरिरहनु भएको थियो।

इजरायली अभियान समूह, होस्टेज एण्ड मिसिङ फेमिलीज फोरमले उहाँको रिहाइको स्वागत गरेको छ भने अन्य बन्दीको फिर्ता सुनिश्चित गर्न 'वार्ताको सम्झौता एक मात्र तरिका भन्ने कुरामा जोड दिएको छ ।

बन्धकहरूको उद्धार असहज भएको अवस्थामा सेनाले स्थल कारबाही अभियान सुरु गरेदेखि इजरायली सेनाद्वारा जीवित मुक्त गरिएका अल्कादी आठौं व्यक्ति हुनुहुन्छ। नोभेम्बरमा एक हप्ता लामो युद्धविरामको क्रममा इजरायलमा प्यालेस्टिनी कैदीहरूको बदलामा स्कोरहरू जारी गरिएको थियो जुन अहिलेसम्मको युद्धको एक मात्र उदाहरण हो । अल्काडीसँग कुरा गरेपछि नेतान्याहुको कार्यालयले जारी गरेको भिडियोमा, कट्टर नेताले बन्दीहरूको रिहाइ सुरक्षित गर्न सैन्य उपस्थिति र हमासमाथि निरन्तर सैन्य दबाब आवश्यक रहेको बताउनु भयो ।

वार्ताको मुख्य बिन्दु हमासलाई पुनःशस्त्रीकरण गर्नबाट रोकी गाजा-इजिप्ट सीमा पट्टीको नियन्त्रण राख्न इजरायलको अडान रहेको छ, जसलाई हमासले अस्वीकार गरेको छ ।इजिप्टसँग सम्बन्धित अल-काहेरा न्यूजले कतार र अमेरिकासँग वार्ताको मध्यस्थता गरिरहेको इजिप्टले सीमामा तथाकथित फिलाडेल्फी कोरिडोरमा इजरायली उपस्थिति स्वीकार नगर्ने जनाएको छ ।यसैबीच, अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीले मध्यस्थता प्रयासमा 'प्रगति' भएको रिपोर्ट गर्दै आगामी दिनमा थप वार्ता हुने अपेक्षा गरिएको बताउनुभयो ।

# दक्षिण एसियाको वायु प्रदूषणमा कमी

एएफपी

बैङ्कक ।सन् २०२२ मा दक्षिण एसियाको वायुको गुणस्तरमा देखिएको आश्चर्यजनक सुधारले विश्वव्यापी प्रदूषणमा पनि सुधार आएको वायुको गुणस्तर र जीवन सुचकाङ्क (एक्यूएलआई) को बुधबार सार्वजनिक नयाँ प्रतिवेदनमा जनाइएको छ । यद्यपि, तत्कालिन समयको अनुकुल मौसमले सुधारका लागि सम्भावित भूमिका खेलेको हुनसक्ने बताइएको छ ।

तत्कालिन समयमा भएको नियमित बर्षा र कोभिडका कारण विश्वव्यापीरूपमा भएको लकडाउनका कारण प्रदुषणमा भूमिका खेल्न जिम्मेवार सवारी साधनको कम प्रयोग हुनु, कलकारखानामा गतिविधि रोकिनु र वातावरण सुधारका लागि गरिएका पहलहरूले काम गर्नुलगायतले वायुको गुणस्तर सुधारमा भूमिका खेलेको हुनसक्ने अध्ययनले देखाएको छ ।

यस क्षेत्रमा खतरनाक वायु प्रदुषणका कारण यहाँका बासिन्दाको औसत आयु ३.५ वर्षभन्दा बढीले घट्ने एक्यूएलआईले चेतावनी दिएको छ । सन् २०२२ को भू-उपग्रहको तथ्याङ्कले वायुप्रदुषणमा आश्चर्यजनक रूपमा १८ प्रतिशतले गिरावट देखाएकोबाहेक दुई दशकदेखि



दक्षिण एसियामा वायु प्रदूषण वार्षिक रूपमा बढिरहेको छ ।युनिभर्सिटी अफ सिकागोको एनर्जी पोलिसी इन्स्टिच्युट( इपीआईसी) ले तयार पारेको प्रतिवेदनअनुसार श्रीलङ्काबाहेक यस क्षेत्रका हरेक देशमा वायु प्रदूषण घटेको छ ।

"दक्षिण एसियामा वायुको गुणस्तर मापन गर्ने 'पार्टिकुलेट म्याटर (पीएम २.५) को स्तर कुन कारणले घट्यो भन्ने निर्णायक रूपमा निर्धारण गर्न गाह्रो भएपनि अनुकूल मौसमी अवस्थालाई यसको श्रेय दिन सकिन्छ," प्रतिवेदनमा भनिएको छ। सन् २०२२ मा यस क्षेत्रमा औसतभन्दा बढी वर्षा र अनुकुल मौसमी अवस्थाले प्रतिवेदनको सिद्धान्तलाई समर्थन गर्दछ। दक्षिण एसियाका मानिसहरूले अझै पनि विश्व स्वास्थ्य सङ्गठनले सुरक्षित ठानेको भन्दा आठ गुणा बढी प्रदूषित हावामा श्वास लिइरहेका छन् । "नीति परिवर्तनले प्रभाव पारेको छ कि छैन भनेर समयले मात्र बताउनेछ," प्रतिवेदनमा जनाइएको छ ।

"निरन्तर अवलोकन, नीति कार्यान्वयनका लागि प्रयास र नीतिगत हस्तक्षेपका प्रभावहरूको अनुगमन प्रदुषण गिरावटको कारक बुझ्न र कायम राख्न महत्वपूर्ण हुनेछ," प्रतिवेदनमा भनिएको छ ।दक्षिण एसियामा मापन भएको गिरावटसँगै वायु प्रदूषणमा नौ प्रतिशत विश्वव्यापी गिरावट मापन भएको छ ।

खराब वायु गुणस्तरका कारण मध्यपूर्व र उत्तरी अफ्रिकासहित अन्य ठाउँमा एक वर्ष अघिको तुलनामा वायु प्रदूषण १३ प्रतिशतले बढेको छ। प्रतिवेदनले वायुको गुणस्तरको नियमित तथ्याङ्कको अभावले नीति निर्माण र कार्यान्वयनमा बाधा पुर्‍याइरहेको बताएको छ ।

यस वर्षको सुरुमा, ' इपीआईसी' को स्वच्छ हावा कार्यक्रमले विश्वव्यापी वायु प्रदुषणबारे खुला तथ्याङ्क प्रदान गर्ने वायुको गुणस्तर अनुगमन केन्द्रहरूको स्थापनाको लागि १.५ मिलियन डलर रकमको कोष सुरु गरेको हो । वायु प्रदूषणले मानव स्वास्थ्यमा पार्ने गम्भीर प्रभावको तुलनामा यो अपेक्षाकृत थोरै रकम हो ।

उदाहरणका लागि, अफ्रिकाका केही सबैभन्दा प्रदूषित देशहरूमा "एचआईभी/एड्स, , मलेरियाजस्ता घातक रोगभन्दा वायु प्रदुषणले मानिसको आयुमा बढी गम्भीर खतरा निम्त्याउने प्रतिवेदनमा जनाइएको छ ।

तथापि, प्रदुषित हावासँग लड्नका लागि चीनले उल्लेखनीय प्रयासहरू जारी राखेको छ। यसले ठूला सहरमा सवारीसाधनको संख्या सीमित गर्ने, उद्योगको क्षमता घटाउने र केही क्षेत्रबाट नयाँ कोइलाखानी प्रतिबन्धित गर्नेजस्ता उपायहरू अवलम्बन गरेको छ ।

सन् २०१३ देखि चीनको वायु प्रदूषण ४१ प्रतिशतले घटेको र यहाँका नागरिकहरूको औसत आयु दुई वर्षले बढेको एक्युएलआईले बताएको छ । तथापि, अझै पनि चीनमा प्रदूषण विश्व स्वास्थ्य सङ्गठनको दिशानिर्देशभन्दा पाँच गुणा बढी छ ।

# बङ्गलादेशमा सुरक्षा बलद्वारा बेपत्ता पारिएका घटनाबारे अनुसन्धान शुरु

एएफपी

ढाका । बङ्गलादेशका अपदस्थ प्रधानमन्त्री शेख हसिनाको शासनकालमा सुरक्षा फौजले बलपूर्वक बेपत्ता पारेका सयौं घटनाका सम्बन्धमा अनुसन्धान सुरु गरिएको बुधबार बङ्गलादेश सरकारले जनाएको छ।

बलपूर्वक बेपत्ता पारेका भनिएका घटनामा कुख्यात र्‍यापिड एक्सन बटालियन (आरएबी) भनिने अर्धसैनिक बलको अत्यधिक संलग्नता रहेको छ।आरएबीलाई धेरै अधिकार उल्लङ्घनको आरोप लगाइएको छ, र यसलाई संयुक्त राज्य अमेरिकाले गैरन्यायिक हत्या र बलपूर्वक बेपत्ता पार्ने भूमिकाको लागि प्रतिबन्ध लगाएको थियो।ह्युमन राइट्स वाचले सन् २००९ मा हसिना सत्तामा आएयता सुरक्षा फौजले '६०० भन्दा बढी बलपूर्वक बेपत्ता पारिएका' घटना रेकर्ड गरेको र करिब १०० जना कहाँ छन् अहिले पनि कुनै जानकारी छैन।

पक्राउ पर्नेमा हसीनाका प्रतिद्वन्द्वी बङ्गलादेश नेसनलिस्ट पार्टी र देशको सबैभन्दा ठूलो इस्लामिक पार्टी जमात-ए-इस्लामीका रहेका छन्।हसिनाको सरकारले लगातार आरोपको खण्डन गर्दै बेपत्ता भएकामध्ये केही युरोप पुग्ने क्रममा भूमध्यसागरमा डुबेको दाबी गरेको छ।हप्तौंदेखि जारी विद्यार्थी आन्दोलनले १५ वर्ष लामो शासनको अन्त्य गर्दै राजीनामा दिन बाध्य पारेपछि पूर्वप्रधानमन्त्री हसिना अगस्ट ५ मा हेलिकप्टरबाट भारत गई शरण लिइरहनुभएको छ।

**'बेपत्ता र यातना'**

उच्च अदालतका अवकाशप्राप्त न्यायाधीश मोइनुल इस्लाम चौधरीको अध्यक्षतामा गठित पाँच सदस्यीय समितिले बोर्डर गार्ड बङ्गलादेश (बीजीबी) लगायत अर्धसैनिक बलका अन्य प्रहरी एकाइमाथि पनि अनुसन्धान गर्नेछ ।संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयले आरएबी र बीजीबी दुवै सेनासँग 'बलपूर्वक बेपत्ता पारिएका, यातना र दुर्व्यवहारलगायत गम्भीर मानवअधिकार उल्लङ्घनका रेकर्ड' रहेको बताएको छ।

नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले काम सुरु गर्न आदेश दिएको आयोगलाई प्रतिवेदन बुझाउन ४५ कार्यदिनको समय दिइएको छ।हसिनाको पालामा हिरासतमा लिइएका व्यक्तिहरूको रिहाइका लागि अभियान चलाइरहेको समूहकी संयोजक सञ्जिदा इस्लाम टुलीले आयोगको स्वागत गर्नुभएको छ। "सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको रिपोर्ट पूर्ण रूपमा प्रकाशित गर्नु र कुनै पनि जानकारी नलुकाइनु हो," टुलीले एएफपीसँग भन्नुभयो । जसको अर्थ आमाको आह्वान,'द कल अफ द मदर्स', हो।

हराएका आफन्तको खोजी गर्नेहरूसँग मिलेर यसै महिनाको सुरुमा युनुससँग भेटेर कारबाहीको माग गरेकी टुलीले आयोगले हरेक परिवारको कुरा बिना भेदभाव सुनोस् भन्ने चाहेको बताउनुभएको थियो।

# अमेरिकी डलर, युरो र पाउण्ड स्ट्र्लिङको भाउ बढ्यो

काठमाण्डु । बुधबार अमेरिकी डलर, युरो र पाउण्ड स्ट्र्लिङलगायतको विदेशी मुद्राको भाउ बढेको छ। नेपाल राष्ट्र बैंकका अनुसार मङ्गलबारको तुलनामा बुधबार ती मुद्राको भाउ बढेको हो ।

बैंकका अनुसार बुधबार अमेरिकी डलर एकको खरिददर १३३ रुपैयाँ ९९ पैसा र बिक्रीदर १३४ रुपैयाँ ९९ पैसा कायम छ। मङ्गलबार अमेरिकी डलर एकको खरिददर १३३ रुपैयाँ ९५ पैसा र बिक्रीदर १३४ रुपैयाँ ५५ पैसा थियो।

त्यसैगरी मङ्गलबार युरो एकको खरिददर १४९ रुपैयाँ ५६ पैसा र बिक्रीदर १५० रुपैयाँ २३ पैसा रहेकामा बुधबार खरिददर १४९ रुपैयाँ ६६ पैसा र बिक्रीदर १५० रुपैयाँ ३३ पैसा तथा बेलायतको पाउण्ड स्ट्र्लिङको मूल्य बुधबार एकको खरिददर १७७ रुपैयाँ १७ पैसा र बिक्रीदर १७७ रुपैयाँ ९६ पैसा कायम छ। मङ्गलबार पाउण्ड स्ट्र्लिङको भाउ एकको खरिददर १७६ रुपैयाँ ६० पैसा र बिक्रीदर



१७७ रुपैयाँ ३९ पैसा थियो।

स्वीस फ्रयाङ्क एकको खरिददर १५८ रुपैयाँ ४६ पैसा र बिक्रीदर १५९ रुपैयाँ १७ पैसा कायम छ। अष्ट्रेलियन डलर एकको खरिददर ९० रुपैयाँ ९२ पैसा र बिक्रीदर ९१ रुपैयाँ ३३ पैसा, क्यानेडियन डलर एकको खरिददर ९९ रुपैयाँ ५१ पैसा र बिक्रीदर ९९ रुपैयाँ ९६ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०२ रुपैयाँ ८० पैसा र बिक्रीदर १०३ रुपैयाँ २६ पैसा कायम छ। बैंकका अनुसार जापानी येन १० को खरिददर ९ रुपैयाँ २६ पैसा र बिक्रीदर ९ रुपैयाँ ३१ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ८० पैसा र बिक्रीदर १८ रुपैयाँ ८८ पैसा कायम छ।


त्यसैगरी साउदी रियाल एकको खरिददर ३५ रुपैयाँ ७१ पैसा र बिक्रीदर ३५ रुपैयाँ ८७ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ७५ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९२ पैसा, थाइ भाट एकको खरिददर ३ रुपैयाँ ९३ पैसा र बिक्रीदर ३ रुपैयाँ ९५ पैसा, यूएई दिराम एकको खरिददर ३६ रुपैयाँ ४८ पैसा र बिक्रीदर ३६ रुपैयाँ ६४ पैसा कायम छ ।रासस

# मकवानपुरमा उद्योग बन्द हुने क्रम बढ्दो

बागमती । पछिल्लो पाँच वर्षयता मकवानपुर जिल्लामा नयाँ उद्योग व्यापार दर्ता घट्दो र बन्द गर्ने क्रम बढ्दै गएको छ। विश्वव्यापी रुपमा देखिएको आर्थिक तरलता, बैंक तथा वित्तीय संस्थाबाट ऋण लगानी कम हुनु, पुँजीको अभाव, दोहोरो दर्ताको व्यवस्था लगायतका कारण यहाँ बर्सेनी नयाँ उद्योग व्यापार दर्ता घट्दै र बन्द हुने क्रम बढ्दै गएको हो।

उद्योग तथा वाणिज्य कार्यालयका अनुसार मकवानपुरमा आर्थिक वर्ष २०८०/८१ मा उद्योगतर्फ तीन सय ६६ र वाणिज्यतर्फ तीन सय ३५ नयाँ उद्योग व्यापार दर्ता भएको छ, भने सो आवमा उद्योगतर्फ दुई सय ६८ र वाणिज्यतर्फ तीन सय ३६ उद्योग व्यापार बन्द भएको उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरका प्रमुख रामप्रसाद भुसालले जानकारी दिनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०७९/८० मा उद्योगतर्फ पाँच सय ७९ र वाणिज्यतर्फ चार सय ३० नयाँ उद्योग व्यापार दर्ता हुदाँ उद्योगतर्फ र वाणिज्यतर्फका गरी दुई सय ८३ वटा उद्योगको लगतकट्टा गरिएको थियो।

यसअघि आव २०७८/७९ मा उद्योगतर्फ सात सय ६७ र वाणिज्यतर्फ सात सय ७० नयाँ दर्ता भएको थियो । सो आर्थिक वर्षमा उद्योगतर्फ र वाणिज्यतर्फ गरी एक सय १० वटा उद्योग व्यापारको मात्र लगतकट्टा भएको थियो । आव २०७७/७८ मा उद्योगतर्फ आठ सय २० र वाणिज्यतर्फ आठ सय १० नयाँ उद्योग व्यापार दर्ता भएकामा सो आवमा उद्योगतर्फ र वीण्ज्यतर्फ गरी तीन सय ४० उद्योगको लगतकट्टा गरिएको सो कार्यालयको तथ्याङ्कले देखाएको छ।



आव २०७६/७७ मा उद्योगतर्फ एक हजार पाँच सय ३६ र वाणिज्यतर्फ एक हजार पाँच सय २५ नयाँ उद्योग व्यापार दर्ता भएको थियो। सो आवमा उद्योगतर्फ र वाणिज्यतर्फका गरी दुई सय ४० उद्योग व्यापारको लगतकट्टा गरिएको थियो। यसरी पछिल्लो पाँच वर्षको अवधिमा नयाँ उद्योग व्यापार दर्ता घट्दै जाँदा उद्योग व्यापार बन्द हुने क्रम बढ्दै गएको छ।


विभिन्न निकायबाट अनुदान प्राप्त गर्न उद्योग व्यवसाय दर्ता गराउने र अनुदान पाइसकेपछि बन्द गर्ने प्रवृति, छोराछोरीलाई विदेश पठाउन व्यावसायिक पुँजी देखाउनका लागि मात्र व्यापार व्यवसाय दर्ता गराउने र पछि छोराछोरी विदेश गएपछि व्यापार व्यवसाय बन्द गर्ने, व्यापार घाटा हुनु र उद्योग कार्यालयमा दर्ता भएपछि स्थानीय तहमासमेत दर्ता गराउनुपर्ने दोहोर व्यवस्थाका कारण पनि उद्योग व्यापार दर्त्ता भन्दा बन्द गराउने क्रम बढ्ेको प्रमुख भुसालको भनाइ छ। लामो समयदेखिको आर्थिक मन्दिका कारण हेटौँडामा सटरको भाडा तिर्न नसक्दा व्यापारी सम्पर्कविहीन हुने क्रम बढदै गएको छ। यसरी सम्पर्कविहीन हुनेमा धेरैजसो सहकारी, स्कुल, सुन पसल, किराना पसल, टेलरिङ, मदिरा पसललगायत चलाएर व्यापार व्यवसाय गर्ने रहेका छन् ।

तीन करोड २२ लाख राजस्व सङ्कलन

उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरले आर्थिक वर्ष २०८०/८१ मा विभिन्न शीर्षकमा रु तीन करोड २२ लाख ४९ हजार राजस्व सङ्कलन गरेको छ । सो कार्यालयका अनुसार उद्योगतर्फ नयाँ उद्योग दर्ता, नवीकरण, नामसारी, पुँजी वृद्धि खारेजी, ठाउँसारी लगायतका शीर्षकबाट रु एक करोड ५१ लाख २५ हजार तथा वाणिज्यतर्फ नयाँ दर्ता, नवीकरण, नामसारी, ठाउँसारी, पुँजीवृद्धि, प्रतिलिपी लगायतका शीर्षकबाट रु एक करोड ६१ लाख ९९ हजार राजस्व सङ्कलन भएको छ। सो अवधिमा एक सय ७६ महिला र एक सय ९० पुरुष नयाँ उद्यमीका रुपमा थपिएका प्रमुख भुषालले बताउनुभयो ।रासस

# सामान्य अङ्कले बढ्यो नेप्से परिसूचक

काठमाण्डु । यो सातामा कारोबारका अघिल्ला दुई दिन लगातार उच्च अङ्कले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबार भने सामान्य अङ्कले बढेको छ। बुधबार नेप्से परिसूचक तीन दशमलव ८० अङ्कले बढेर दुई हजार सात सय ८६ दशमलव ४० को विन्दुमा कायम भएको हो।



बुधबार दुई सय २६ कम्पनीको तीन करोड ५० लाख सात हजार ३९ कित्ता शेयर एक लाख ६८ हजार एक सय ७५ पटक खरिदबिक्री हुँदा रु १३ अर्ब ७२ करोड ७३ लाख ६८ हजार तीन सय ९३ बराबरको कारोबार भएको छ। आजको कारोबारमा बैंकिङ शून्य दशमलव ९२, होटल तथा पर्यटन शून्य दशमलव ०९, जलविद्युत् शून्य दशमलव ४९ र लगानी एक दशमलव ०१ प्रतिशतले बढेको छ।

त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव ०३, म्युचुअल फण्ड शून्य दशमलव ९३ र अन्य समूह शून्य दशमलव ०९ प्रतिशतले बढेको छ। अरु सबै समूहको उपसूचक घटेको छ। व्यापार एक दशमलव ४३, निर्जीवन बीमा शून्य दशमलव ९७, लघुवित्त एक दशमलव ०८, जीवन बीमा शून्य दशमलव ४४, वित्त एक दशमलव ६९ र विकास बैंक शून्य दशमलव ८० प्रतिशतले घटेको छ।

लिबर्टी इनर्जी कम्पनी लिमिटेड, हिमालयन हाइड्रोपावर लिमिटेड र मिड सोलु हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा बुधबार सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य छ दशमलव ८८ प्रतिशतले घटेको छ ।कारोबार रकमका आधारमा बुधबार सबैभन्दा धेरै चन्द्रागिरि हिल्स लिमिटेडको रु ४३ करोड सात लाख ८६ हजार नौ सय बराबरको शेयर किनबेच भएको छ। कारोबार भएका शेयर संखयाका आधारमा हाइड्रोइलेक्ट्रिस सिटी इन्भेस्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको १० लाख ६० हजार दुई सय ८४ कित्ता शेयर खरिदबिक्री भएको छ ।रासस

# सडक अवरुद्ध भएपछि फलफूल आयात रोकियो



चौतारा । सडक अवरुद्ध हुँदा तातोपानी नाकाहुँदै चीनबाट गरिँदै आएको फलफूल आयात रोकिएको छ । यसअघि दैनिक रु चार करोड बराबरको चिनियाँ फलफूल आयात भइरहेकामा हाल सडक अवरुद्ध हुँदा रोकिएको छ।

तातोपानी भन्सार कार्यालयका प्रमुख दयानन्द केसीका अनुसार बाढीपहिरोका कारण पटक-पटक कोदारी राजमार्ग अवरुद्ध हुँदा चीनबाट गरिँदै आएको फलफूल आयात रोकिएको हो। फलफूल बाटोमै कुहिने समस्या भएपछि व्यवसायीले गत असारदेखि नै आयात रोकेका हुन् । स्याउ, अनार, अङ्गुरसँगै नासपाती, सुन्तला, अम्बा, ओखर, किबी, जुनारलगायत फलफूल चीनबाट आयात गर्ने गरिएको उहाँले बताउनुभयो। आयात रोकिएपछि राजस्वमा प्रत्यक्ष असर परेको प्रमुख केसी बताउनुहुन्छ।

हाल उक्त नाकाबाट हुने निर्यात पनि शून्य नै रहेको छ। नेपालबाट निर्यात हुने हस्तकलाका सामान, खाद्यान्न, जडीबुटीजन्यलगायत सामान तातोपानी नाकाहुँदै व्यापारीले चीनतर्फ निर्यात गर्न पाएका छैनन् । असार अन्तिमसम्म दैनिक चिनियाँ फलफूल आयात हुन्थ्यो। बर्खामा चीनबाट आयातित फलफूल समयमा ढुवानी नहुने समस्याले गर्दा व्यवसायीले अघिल्ला वर्षमा बेहोर्नु परेको नोक्सानलाई ध्यानमा राख्दै गर्दै यसपटक आयात नै रोकेको व्यवसायी हाउडे दोर्जे लामा बताउनुहुन्छ।

दसैँका लागि सामग्री बोकेर आएका करिब ८० चिनियाँ कन्टेनर न्यालम नजिक बाटोमा रोकिएका छन् ।

विभिन्न सामान बोकेका कन्टेनर १४ दिनदेखि बाटोमै छन्। यस्तै विभिन्न सामानसहितका एक सय तीन चिनियाँ कन्टेनर पनि बीच बाटोमै अड्किएका तातोपानी भन्सारले जनाएको छ । नेपाल हिमालय सीमापार वाणिज्य सङ्घका सचिव आङ् दोर्जे शेर्पाका अनुसार खासा पुनःनिर्माण अन्तर्गत बीच भागमा सुरुङ निर्माण जारी रहेकाले सामान रोकिएको हो । पार्किङ भाडा मात्रै दैनिक एक हजार चिनियाँ युयान तिर्नुपरिरहेको उहाँले बताउनुभयो।

चिनियाँ गाडी तातोपानी आउन जति ढिला भयो सामानको मूल्य त्यति नै बढी पर्ने शेर्पा बताउनुहुन्छ । नाकामा होटल, रेस्टुरेन्ट र पसल भने खुल्न थालेका नेपाल ट्रक कन्टेनर मजदुर सङ्घका अध्यक्ष अर्जुन सापकोटा बताउनुहुन्छ ।रासस

# मधेशमा पनि कोदोको उत्पादन गर्न परीक्षण

नेपालगञ्ज । बाँकेको चिसापानीस्थित गाभर उपत्यकामा नौ प्रकारका कोदोको उत्पादन गर्न परीक्षण सुरु गरिएको छ।

राष्ट्रिय जिन बैङ्कको सहकार्यमा तराईमा हुने कोदोको परीक्षण सुरु भएको सामुदायिक प्रदीप थापाले रैथाने बालीको संरक्षणका लागि सुक्खा ठाउँमा समेत कोदो जस्तो रैथाने बाली लगाउन मिल्ने गरी यसको परीक्षण भएको उल्लेख गर्नुभयो। परीक्षण गरिएका नौमध्ये पाँच जिन बैङ्कले परीक्षणमार्फत उत्कृष्ट देखिएका,



जिन बैङ्क कोहलपुरका संयोजक परमुल बस्नेतले जानकारी दिनुभयो। "करिब दुई कट्ठा क्षेत्रफलमा अलग-अलग प्लट बनाएर नौ जातका कोदोको परीक्षण गर्न कोदो रोपिएको छ", संयोजक बस्नतेले भन्नुभयो।

गएको साउन १६ गते कोदोको बीउ राखेर केही दिनअघि मात्रै कोदो रोपिएको हो। नौ जातका कोदो रोपिएको र सोमध्ये सबैभन्दा राम्रो कोदो किसानलाई रोप्न प्रेरित गरिने उल्लेख गर्दै उहाँले पूर्वी तराईका जिल्लामा सफल भएका स्थानीय जातको परीक्षण सुरु भएको बताउनुभयो। राष्ट्रिय जिन बैङ्का प्राविधिक अधिकृत दुईवटा नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले विकास गरेका र अन्य दुई किसानका जात रहेका छन्। अहिले लगाएको कोदोको प्रतिफल मङ्सिरसम्म आउने बताइएको छ।

विसं २०७८ मा चिसापानीको गाभरमा सरकारले पहिलो सामुदायिक जिन बैङ्क स्थापना गरेको थियो। गाभरमा कोदो उत्पादनको प्रशस्त सम्भावना रहेको घरबास सञ्चालक सङ्घका महासचिव कृष्ण चौधरीले बताउनुभयो। उहाँले हालसम्म नार्कले तराईमा समेत लगाउन सक्ने कोदोको जातको विकास गरेको बताउनुभयो ।रासस

# कृषि उपज केन्द्र सञ्चालनमा

तनहुँ । ग्रामीण क्षेत्रका बासिन्दाले उत्पादन गरेको प्राङ्गारिक कृषि उपजलाई बजारसम्म पुऱ्याउन तनहुँको व्यास नगरपालिकाले कृषि उपज केन्द्र सञ्चालनमा ल्याएको छ।

व्यास नगरपालिका-१३ मा रहेका किसानले उत्पादन गरेका प्राङ्गारिक कृषि उपजलाई सहज तवरले बजारसम्म पुऱ्याउने हेतुले व्यास-३ मालपोत लाइनमा आजदेखि कृषि उपज केन्द्र सञ्चालनमा ल्याइएको हो । व्यास-१३ का किसान आवद्ध गाउँविकास कृषि सहकारी संस्था लिमिटेडको समन्वयमा कृषि उपज केन्द्र सञ्चालन गरिएको सहकारी संस्था लिमिटेडका अध्यक्ष चन्द्रबहादुर आलेले जानकारी दिनुभयो।



कृषि उपज केन्द्रमा सहकारीमा आवद्ध किसानले उत्पादन गरेको आलु, बोडी, तरुल, पिँडालु, फर्सी, करेला, निगुरो, काँक्रो लगायतका तरकारी सुपथ मूल्यमा पाइने केन्द्रले जनाएको छ। करिब रु पाँच लाख खर्चिएर केन्द्र सञ्चालन गरिएको हो । साना किसानलाई प्रोत्साहन र स्वस्थकर कृषि उत्पादनमा लाग्न व्यास-१३ को कार्यालयले विशेष कार्यक्रम नै बनाएर अघि बढेको व्यास- १३ का वडाध्यक्ष वसन्तबहादुर आलेले जानकारी दिनुभयो।

प्राङ्गारिक कृषि उपजलाई प्रोत्साहन गरी साना किसानलाई संरक्षण गर्न व्यास नगरपालिकाको कार्यालयले मासिक भाडा तिर्ने गरी कृषि उपज केन्द्रको व्यवस्था गरिएको व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो । व्यास नगरपालिका क्षेत्रलाई कृषिमा आत्मनिर्भर बनाउनेतर्फ व्यास नगरपालिकाको कार्यालयले विभिन्न कार्यक्रम अघि सारेको उहाँले बताउनुभयो ।रासस

## वाणिज्य बैंकको 'काउन्टरसाइक्लिक बफर' शून्य प्रतिशत कायम

काठमाण्डु । नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरुको काउन्टरसाइक्लिक बफर शून्य प्रतिशत कायम गरेको छ। नेपाल राष्ट्र बैंकले मङ्गलबार इजाजतप्राप्त 'क', 'ख', 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०८० मा संशोधन गर्दै उक्त व्यवस्था गरेको हो।

यसअघि वाणिज्य बैंकहरुले आर्थिक वर्ष २०८०/८१ को अन्त्यसम्ममा यस्तो बफर शून्य दशमलव पाँच प्रतिशत कायम गर्नुपर्ने प्रावधान रहेकामा केन्द्रीय बैंकले चालु आवको साउनदेखि लागू हुने गरी शून्य प्रतिशत कायम गरेको हो।

साथै २०८४ साल असार मसान्तसम्ममा बैंकहरुले न्यूनतम १५ प्रतिशत कर्जा लघु, घरेलु, साना एवम् मझौला उद्यमका क्षेत्रमा प्रवाह गर्नुपर्नेछ। जसमा यसअघि रु एक करोडभन्दा कम रकमका कर्जा उल्लेख भएकामा संशोधन गरी रु दुई करोड कायम गरिएको छ। यसबाट लघु, घरेलु तथा साना एवम् मझौला उद्यमका क्षेत्रमा थप कर्जा प्रवाह भइ आर्थिक गतिविधि चलायमान हुने विश्वास लिइएको छ ।रासस

# चालु आवको पहिलो महिनामै राजस्व सङ्कलनमा कमी

बागमती । मकवानपुरको हेटौँडा उपमहानगपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो एक महिनामा रु चार करोड ५० लाख १४ हजार राजस्व सङ्कलन गरेको छ।

उपमहानगरपालिकाका राजस्व शाखाका प्रमुख मनोज सुवेदीका अनुसार गत साउनमा उपमहानगपालिकाले सम्पत्ति करबाट रु एक करोड ४४ लाख ८५ हजार, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट रु एक करोड १८ लाख ७५ हजार, घरबहाल करबाट रु ५० लाख ६५ हजार, सिफारिस दस्तुरबाट रु ३३ लाख ४० हजार, बहाल बिटोरी करबाट रु १८ लाख ७८ हजार, व्यवसाय करबाट रु ४१ लाख २१ हजार र प्रशासकनिक दण्ड जरिवाना र जफतबाट रु पाँच लाख ९६ हजार राजस्व सङ्कलन भएको छ।




यो अघिल्लो आव २०८०/८१ को साउनको तुलनामा रु २५ लाख ६२ हजार कम राजस्व सङ्कलन भएको हो। आव २०८०/८१ को साउनमा उपमहानगरपालिकाले रु चार करोड ७५ लाख ७६ हजार राजस्व सङ्कलन गरेको थियो । चालु आव २०८१/८२ को पहिलो महिनामा व्यवसायीले कर वृद्धिको विरोधमा गरेको आन्दोलन, कबाडी सङ्कलन तथा बिक्री कर लगाउन नसक्नुजस्ता कारण अघिल्लो आवको तुलनामा चालु आवको पहिलो महिनामा कम राजस्व सङ्कलन भएको प्रमुख सुवेदीले बताउनुभयो।

यस्तै विश्वव्यापी आर्थिक मन्दीका बाबजुद हेटौँडा उपमहानगरले आव २०८०/८१ मा लक्ष्यभन्दा बढी राजस्व सङ्कलन गर्न सफल भएको छ । उपमहानगरले आव २०८०/८१ मा रु ३० करोड ९४ लाख पाँच हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा विभिन्न शीर्षकमा रु ३४ करोड सात लाख ६४ हजार छ सय ४० राजस्व सङ्कलन गरेको छ।

उपमहानगरपालिकाले आव २०८०/८१ मा एकीकृत सम्पत्ति करबाट रु सात करोड ३० लाख २८ हजार, घरबहाल करबाट रु छ करोड एक लाख ६८ हजार, पूर्वाधार सेवाको उपयोगमा लाग्ने करबाट रु पाँच करोड २३ लाख नौ हजार, बहाल बिटोरी करबाट रु दुई करोड ४९ लाख ७४ हजार, सिफारिस दस्तुरबाट रु तीन करोड ४१ लाख ९६ हजार, व्यवसाय रजिष्ट्रेशन दस्तुरबाट रु दुई करोड ३२ लाख ३१ हजार, नक्सापास दस्तुरबाट रु एक करोड छ लाख ३० हजार, सरकारी सम्पत्ति बहालबाट रु पाँच लाख ८६ हजार, ढुङ्गागिट्टी बालुवा बिक्रीबाट रु ८० लाख र प्रशासनिक दण्ड जरिवानावापत रु ८६ लाख ७३ हजार राजस्व सङ्कलन भएको राजस्व शाखा प्रमुख सुवेदीले बताउनुभयो ।रासस

# मूर्ती सेलाउन गएका राजधामीको डुबेर मृत्यु



**टुडे समाचारदाता**

राजविराज । श्रीकृष्ण जन्माष्टमी पर्व सकिएपछि मूर्ती सेलाउन गएका एक युवकको त्रियुगा नदीमा डुबेर मृत्यु भएको छ।

बुधबार दिउँसो सप्तरीको सप्तकोशी नगरपालिका १ फत्तेपुर स्थित त्रियुगा नदीको हेड बाँधमा डुबेर सोही नगरपालिका वडा नं. २ निवासी २२ वर्षिय रोहन राजधामीको मृत्यु भएको हो।

मूर्ती सेलाउन स्थानीयहरुसँगै गएका राजधामीलाई डुबेको करिब आधी घण्टा पश्चात् स्थानीयले उद्दार गरी एम्बुलेन्समा राखेर उपचारका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाएको थियो । जहाँ चिकित्सकले उनलाई मृत घोषित गरेको थियो।

जिल्लामा गत वर्ष पनि मूर्ती सेलाउन गएका दुई जना युवकको सप्तकोशी नदीमा डुबेर मृत्यु भएको थियो।

पोखरीमा डुबेर मृत्यु हुने घटना बृद्धि भइरहेकोमा चिन्ता व्यक्त गरेको जिलला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले यसमा अभिभावकको पनि दोष हुने गरेको बताए।

अभिभावकले आफ्ना सन्तान कता छन्, के गर्दैछन् भनेर पर्याप्त ध्यान दिनुपर्ने उनको सुझाव समेत छ।

# ‘राजदूत सिफारिसले एकल जातिय वर्चस्व प्रमाणित भयो’



**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले विभिन्न १७ मुलुकमा राजदूत सिफारिस गर्दा समानुपातिक र समावेशी सिद्धान्तविपरीत गरेको भन्दै जनता समाजवादी पार्टी नेपालले आपत्ति जनाएको छ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा जसपा नेपालका सांसद राजकिशोर यादवले राजदूत सिफारिस समावेशी र समानुपातिक प्रतिनिधित्वको संवैधानिक व्यवस्था उल्लंघन गरिएको बताए।

संविधानको मूल मर्म समानुपातिक र समावेशी भएपनि सरकारले राजदूत सिफारिसमा त्यो पालना नगरेको प्रतिनिधिसभा अन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समिति सभापतिसमेत रहेका उनले बताए।

पूर्वमन्त्रीसमेत रहेका नेता यादवले 'हामीले यो संविधान लेख्दा संविधानको आत्मा समानुपातिक, समावेशीमा बस्छ भनेका थियौं । तर सरकारले अहिले राजदूतहरूको सिफारिस गरेको छ, त्यो कुनै पनि कोणबाट समावेशी देखिँदैन,' उनले भने, 'त्यो एकल जातीय, एकल सांस्कृतिक पहिचान झल्किने गरी सिफारिस गरेको छ।'

सरकारले राजदूत सिफारिसमा समानुपातिक र समावेशी व्यवस्था उलंघन गरेको विषयले सरकार संविधान पालना गर्छ कि गर्दैन भन्ने प्रश्न उठेको पनि यादवले बताए । 'सरकारले संविधान मान्नुपर्छ कि पर्दैन भन्दै प्रश्नसमेत गर्दै उनले भने, 'यदि सरकारले संविधान मान्दैन भने भोली यो संविधान जनताले मान्दैन भन्यो भने के परिस्थिति उत्पन्न होला ?' केपी शर्मा ओलीको सरकारले अमेरिकामा लोकदर्शन रेग्मी, भारतमा शंकर शर्मा, चीनमा प्राडा कृष्णप्रसाद ओली, डेनमार्कमा सुम्निमा तुलाधर, जर्मनीमा शैल रुपाखेती, रुसमा जंगबहादुर चौहान, बेलायतमा चन्द्रकुमार घिमिरे, दक्षिण अफ्रिकामा प्राडा कपिलमान श्रेष्ठ, इजरायलमा प्राध्यापक धनप्रसाद पण्डित, मलेसियामा नेत्रप्रसाद तिमल्सिना, दक्षिण कोरियामा शिवमाया तुम्बाहाङ्फेलाई राजदूत सिफारिस गरेको छ।

त्यस्तै, पाकिस्तानमा रीता धिताल, कतारमा रमेशचन्द्र पौडेल, पोर्चुगलमा प्रकाशमणि पौडेल, साउदी अरबमा नरेशविक्रम ढकाल, स्पेनमा सनिल नेपाल, श्रीलंकामा रामकृष्ण भट्टराईलाई राजदूतमा सिफारिस गरेको छ।

१७ जनालाई राजदूत सिफारिस गर्दा दलित, मधेशी र थारुलगायतका समुदायको प्रतिनिधित्व नगरिएको भन्दै सरकारको कडा आलोचना भइरहेको छ । नेपाल विद्युत प्राधिकरणलाई ट्रंक र डेडिकेटेड लाइनबाट विद्युत उपभोग गर्ने उद्योगीले बक्यौता नतिरेको विषयमा संसद् अल्झिएको देखिएको पनि उनले बताए । प्रतिपक्ष र सत्तापक्षले सो विषयमा विवाद गरेर संसद अल्झाएको उनले आरोप लगाए।

संसदको पहिलो र दोस्रो दल मिलेर बनेको सरकारलाई असफल हुने छुट नभएको पनि सांसद यादवदे बताए।

सरकार भ्रष्टाचारमा संलग्न भएका भनिएकाहरूको फाइल खोल्न भन्दा पनि टिकटक खोल्नमा व्यस्त भएको भन्दै कटाक्षसमेत उनले गरे।

# आगो लगाएर एक युवकको मृत्यु



**टुडे समाचारदाता**

बारा । बाराका एक युवाले आफ्नै शरीरमा आगो लगाएका छन् । जिल्लाको गढीमाई नगरपालिका-४ घर भइ हाल चिवतनको भरतपुर महानगरपालिका-३ लङ्कु बस्दै आएका अन्दाजी २२ वर्षीय राजाबाबु जैसवालले आफ्नो शरीरमा आगो लगाएका छन्।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी नायब उपरीक्षक भेषराज रिजालले जनाए अनुसार जैसवालले आफू सुत्ने कोठामा कोही नभएको समयमा आफ्नो शरीरमा पेट्रोल छर्किएर आगो लगाएका छन्।

सोमबार दिउँसो आफ्नै शरीरमा आगो लगाएका जैसवालको उपचारका क्रममा राति १०:४० बजे मृत्यु भएको प्रहरीले बुधबार बताए।

उनको काठमाण्डुस्थित कीर्तिपुर हस्पिटलमा उपचारका क्रममा मृत्यु भएको नायब उपरीक्षक रिजालले बताए।

जउवा संघ निर्वाचनः

# उम्मेदवारीका लागि चर्को शुल्क निर्धारणप्रति टिप्पणी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उद्योग वाणिज्य संघले यही भदौं २९ गते हुने निर्वाचनको लागि उम्मेदवारी शुल्क निर्धारण गरेको छ।

मुलुकमै सबैभन्दा महँगो जनकपुरधाम उद्योग वाणिज्य संघको निर्वाचन रहेको देखिएको छ।

प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य निर्वाचनदेखि विभिन्न सामाजिक संघसंस्थामा हुने गरेको निर्वाचनभन्दा पनि बढी महँगो भएको भन्दै स्थानीय व्यवसायीले गुनासो गर्न थालेका छन्।

व्यवसायीहरुको हकहित, विकास, संरक्षण र संवर्द्धनका निम्ति स्थापना गरिएको उद्योग वाणिज्य संघले निर्वाचनलाई महँगो बनाएर साना तथा मझौला व्यवसायीहरुलाई निर्वाचनमा सहभागी हुनबाट वञ्चित गर्न खोजिएको व्यवसायीहरुको आरोप छ।

कमाउ खाने भाँडोको रुपमा साझा संघ संस्थालाई समावेशी बनाउनुपर्नेमा एकतर्फी रुपमा बन्देज गरी विभेद सिर्जना गर्न खोजिएको एक व्यवसायीले बताए।



जउवा संघको निर्वाचन नजिकिएसंगै जारी गरिएको सूचनामा ५५ हजार रुपैयाँदेखि ५ सय रुपैयाँसम्म शुल्क निर्धारण गरिएको सार्वजनिक भएपछि विभिन्न खाले टिप्पणी हुन थालेका छन्।

जउवा संघको निर्वाचन समितिका अध्यक्ष ललितकुमार साहले जारी गरेको सूचनामा अध्यक्ष पदका लागि ५५ हजार रुपैयाँ, वरिष्ठ उपाध्यक्ष पदका लागि ५१ हजार रुपैयाँ र उपाध्यक्ष पदका लागि ५० हजार रुपैयाँ उम्मेदवारी शुल्क निर्धारण गरिएको छ।

सो सूचना सार्वजनिक भएपछि व्यवसायीहरुले पनि विभिन्न खाले प्रतिक्रिया दिँदै जउवा संघको निर्वाचन महँगो भएको बताउन थालेका छन्।

त्यस्तै महिला उपाध्यक्षका लागि ३० हजार रुपैयाँ, महासचिव पदका लागि ४५ हजार रुपैयाँ, सचिव पदका लागि ४० हजार रुपैयाँ र कोषाध्यक्ष पदका लागि ४० हजार रुपैयाँ निर्धारण गरिएको जनाइएको छ । भने एशोसिएट सदस्य पदका लागि ४० हजार रुपैयाँ, संगठित सदस्य पदका लागि ४० हजार रुपैयाँ, सम्बद्ध सदस्य पदका लागि पनि ४० हजार रुपैयाँ शुल्क निर्धारण गरिएको छ।

आकांक्षी उम्मेदवारहरुले शुल्क निर्धारणबारे केही नबोले पनि स्थानीय व्यवसायीहरुले भने आलोचना गरेका छन्।

त्यस्तै जउवा संघका कार्य समिति सदस्य पदका लागि २१ हजार रुपैयाँ र मतदाता नामावलीका लागि ५ सय रुपैयाँ शुल्क निर्धारण गरिएको छ।

मतदाता नामावलीका लागि पनि शुल्क निर्धारण गरिनु विडम्बना रहेको धनुषा चैम्बर्स कमर्सका वरिष्ठ उपाध्यक्ष सरोजकुमार मिश्रले टिप्पणी गरे।

उनले साना तथा मझौला व्यवासयीलाई निषेध गर्ने षड्यन्त्र अनुसार निर्वाचनमा पदीय शुल्क निर्धारण गर्नु अनुचित रहको बताए।

उनले व्यवसायीहरुको हकहितका लागि स्थापना गरिएको साझा संस्थाले यसरी महँगो रुपमा निर्वाचन गरेर गरिब व्यवसायीका लागि ढोका बन्द गर्नु गलत रहेको बताए।

तर निर्वाचन समितिका अध्यक्ष साहले उम्मेदवारको निर्वाचन शुल्क निर्धारणमा परम्परालाई नै निरन्तरता दिएको दाबी गरे।

जउवा संघका पूर्वअध्यक्षसमेत रहेका समितिका अध्यक्ष साहले परम्परालाई ख्याल गर्दै शुल्क तोकिएको बताए । यसमा हामीले कुनैपनि किसिमले शुल्क वृद्धि नगरेको बताउँदै उनले भने, ‘आवश्यक शुल्क मात्रै लिने गरेका छौं।

उम्मेदवारहरुसंग लिएको शुल्क भने फिर्ता नहुने समेत उनले बताए।

# दुधमति नदी अतिक्रमणमुक्त गरिने



**टुडे समाचारदाता**

जनकपुरधाम । धार्मिक तथा ऐतिहासिक महत्वको दुधमति नदीको अतिक्रमण हटाउने मधेश प्रदेश सरकारले निर्णय गरेको छ। सो नदीको उद्गमस्थलदेखि भारतीय सीमासम्म २९ किलोमिटर प्राकृतिक बहाव क्षेत्रको पहिचान गरी सीमा निर्धारण तथा अतिक्रमणमा परेको क्षेत्रलाई हटाउने मधेश प्रदेश सरकारकाले निर्णय गरेको छ।

मुख्यमन्त्री सतीशकुमार सिंहको अध्यक्षतामा बुधबार बसेको उच्चस्तरीय बैठकले ०२४/०२६ मा भएको नापीका आधारमा दुग्धमती नदीको सीमा यकिन गर्ने तथा सो कार्यका लागि आवश्यक प्राविधिक तयारी गर्ने निर्णय गरेको छ।

सो बैठकले दुग्धमती नदीको सीमा यकिन भएपछि अतिक्रमणका विषयमा जानकारी हुने र त्यसैका आधारमा नदीको बहाव क्षेत्र खाली गराउने कार्य तीव्र गतिमा अघि बढाउने निर्णय गरिएको जनाइएको छ।

सो बैठकमा ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादव, प्रदेशका प्रमुख सचिव लोकनाथ पौड्याल, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साह, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव जक्की अहमद अन्सारी, धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरिया, नेपाल प्रहरीका नायब महानिरीक्षक यज्ञविनोद पोखरेल, सशस्त्रप्रहरी बलका नायब महानिरीक्षक कालीदास धौबजी, सडक डिभिजन कार्यालय जनकपुरका डिभिजन प्रमुख दीपककुमार झा, धनुषाका प्रमुख मालपोत अधिकृत विष्णुप्रसाद सिटौला, धनुषाका नापी अधिकृत कामेश्वर राउतलगायत सहभागी रहेका थिए।

त्यस्तै दुधमति नदीको बहाव क्षेत्र अतिक्रमणलगायतबारे जानकारी लिन मुख्यमन्त्री सिंह धनुषाको क्षीरेश्वरनाथ नगरपालिका- ५ स्थित दुधमति नदीको उद्गमस्थलदेखि लक्ष्मीनियाँ गाउँपालिका- ३ स्थित बनिनियाँसम्म अवलोकन गरेका थिए।

सो लक्ष्मीनियाँ गाउँपालिका-३ स्थित बनिनियाँभन्दा उत्तर उद्गमस्थलसम्म नदीको बहावक्षेत्र नै अतिक्रमित छ। सो क्षेत्रमा खेतमुनि भएर पानी बग्ने गरेको छ।

मुख्यमन्त्री सिंह नेतृत्वको टोलीले दुधमति पोखरीसँगै दक्षिणी भू-भाग बनिनियाँसम्मको नदी अवलोकन गरेका थिए । दुधमति नदीबारे पौराणिक ग्रन्थहरुमा उल्लेख छ।

# मैथिली संस्कृति, सभ्यता र बैभवलाई विश्वव्यापी बनाउनुपर्नेमा जोड

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव देवेन्द्रकुमार काफ्लेले मैथिली संस्कृति, सभ्यता र बैभवलाई विश्वव्यापी रूपमा पुऱ्याउनु पर्ने बताएका छन्।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, हस्तकला विभाग एवम् मधेश प्रदेश समन्वय समितिको आयोजनामा भएको ‘मधेश प्रदेशमा कला गतिविधि तथा ललितकला पाठ्यक्रम’ सम्बन्धी छलफल कार्यक्रमा बोल्दै उनले ललितकला पाठ्यक्रममा समावेश गरिनुपर्ने धारणा व्यक्त गरे।

मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले मिथिला कलाको विकास, प्रवर्द्धनका लागि आफू प्रतिबद्ध रहेको बताउँदै यसका लागि आवश्यक समन्वय र पहल गर्न कलाकारहरूलाई आग्रह गरे । सो प्रतिष्ठानका हस्तकला विभाग प्रमुख तथा मधेश प्रदेश समन्वय समिति संयोजक अरुणा हिडमाडले मधेश प्रदेश विविध विधाका कलाको धनी क्षेत्र भएको र पहिचानसहित अर्थतन्त्रमा समेत यसले योगदान पुऱ्याउन सक्ने उल्लेख्य सम्भावना रहेको बताए।

सो कार्यक्रममा प्राज्ञ एससी सुमनले मधेशको पहिचान मिथिला कलाबाट हुने भएकाले तीनवटै सरकारको भूमिका महत्वपूर्ण रहेको बताए । यसका लागि सरोकारवाला निकायलाई घच्घचाउनुपर्ने उनको धारणा थियो।

त्यस्तै डा.सीमा शर्मा शाहले कला शिक्षाको आवश्यकता र यसको प्रवर्धनमा




जोड दिनुपर्ने बताए । प्रतिष्ठानका मूर्तिकला विभाग प्रमुख दिनेश्वर महतोले छलफल म्युजियम, कला ग्यालरी र ललितकला शिक्षाको भूमिकामा केन्द्रित रहेको बताउँदै मिथिला क्षेत्रमा कला शिक्षाको विकासका लागि प्रतिष्ठानले आवश्यक पहल गरेको जानकारी गराए। उनले प्रदेशमा मूर्तिकलाको क्षेत्रमा थुप्रै काम गर्न सकिने बताउँदै त्यसका लागि प्रदेशका कलाकारहरू अग्रसर हुनुपर्ने धारणा राखे।

प्राज्ञ प्रदीप शाक्यले नेपालका विविध कला र सङ्ग्रहालयका बारेमा चर्चा गरे । कलाकार लक्ष्मण मण्डलले प्रदेशमा मिथिला कलाको उचित बिक्री वितरण केन्द्र रहनुपर्नेमा जोड दिए। कलाकार रञ्जु यादवले प्रदेशका समुदायमा धेरै कला भएको र त्यसलाई उजागर गर्नुपर्नेमा आवश्यकता औँल्याए । कलाकार सोनाम लामाले कला समाजको सुन्दर फूलहरू भएकाले सबैले आ-आफ्नो ठाउँबाट प्रदेशका कलालाई अगाडि बढाउनुपर्ने बताए।

सो समारोहमा प्राज्ञ रामपूजन ठाकुर, सरितादेवी मण्डल, सपना शाह, पुनमकुमारी दास, रुबी कर्ण, रामनारायण महतो, मनिषा शाह, नम्रता सिंह, कुमार भास्कर, सुभाद्री सुभा, हरिओम मेहतालगायतले पनि मिथिलाकला, यसको विकास, प्रवर्द्धनलगायतका विषयमा आफ्नो धारणा राखे।

# स्रोत नखुलेको नगदसहित एक पक्राउ



**टुडे समाचारदाता**

रौतहट । रौतहटको सीमार्ती क्षेत्र अवस्थित भारतबाट नेपालतर्फ स्रोत नखुलेको रकम लिएर आउँदै गर्दा एक भारतीय नगरिक पक्राउ परेका छन्।

जिल्लाको गौर नगरपालिका-२ भन्सार ईलाकामा बुधबार पक्राउ परेका भारतीयले रकमको स्रोत खुलाउन नसकेपछि सशस्त्र प्रहरीले पक्राउ गरेको छ।

सशस्त्र प्रहरी नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म गौरबाट खटाइएको चेकप्वाइन्ट टोलीले चेकजाचको क्रममा भारतबाट नेपाल आउँदै गरेको पैदल यात्री भारतको सितामाढी भटौलिया ग्राम पञ्चायत-५ बेलगञ्ज टोलका ६१ वर्षीय इस्माईल मियाँले पाइन्टको गोजीभित्र अवैध रुपमा लुकाएर ल्याउँदै गरेको चार लाख नेपाली रुपैयाँको स्रोत खुलाउन नसकेपछि नियन्त्रणमा लिएको रौतहट सशस्त्र प्रहरीका प्रहरी उपरीक्षक बिक्रम हुमागाईले जानकारी दिए।

उनले भने, ‘हामीले मियाँलाई नियन्त्रणमा लिनसाथ रकम कहाँ र कसलाई दिन जान लागेको भनेर सोधपुछ गरेका थियौं,’ उनले भने,‘मियाँले केही बताउन चाहेनन्। स्रोत खुलाउन नसकेपछि रकमसहित नियन्त्रणमा लिएका हौं।’

उनलाई नगदसहित आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालय बुझाइएका प्रहरी उपरीक्षक हुमागाईले बताए।केही समयदेखि स्रोत खुलाउन नसकेको रकमको ओसारपसार गर्ने गिरोह सक्रिय हुन थालेपछि सुरक्षाकर्मीले जाँचमा कडाइ गरेको छ।

**स्वच्छ समाजको निमार्णमा सहभागी बनौं**

- सम्भव भएसम्म बिद्युतीय चुलो प्रयोग गर्न प्रोत्साहन गरौं,
- प्लाष्टिकजन्य सामाग्रीको प्रयोगलाई निरुत्साहित गरौं,
- वनक्षेत्रको अतिक्रमण र डढेलो नियन्त्रण गरौं,
- हिमताल, जलाधार, सीमसार तथा पानीका स्रोतहरुको संरक्षण गरौं,
- नदी र खानीजन्य स्रोतको उत्खन्नलाई व्यवस्थित गरौं,
- भिरालो वा तटीय जमीन सुरक्षित गर्न बायो-इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरौं,
- पारिस्थितिक प्रणाली (Ecosystem) को संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८